# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २९२ | काठमाडौं | मंगलबार, ८ फागुन २०८० | Prabhab National Daily | Tuesday, February 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# गगनलाई गलाउन दिनरात खट्दै देउवा



भविष्यमा राजनीतिक गठबन्धन गर्ने वा नगर्ने भन्ने विषय तत्कालीन परिस्थितिमा निर्भर हुने भएको हुँदा पार्टीले तत्कालीन परिस्थितिअनुसार गठबन्धनको औचित्य सान्दर्भिकतालगायत विषयमा ठोस मूल्यांकन र छलफल गरी त्यसै बेलामा उचित निर्णय लिन सक्ने छ

**■ शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस



हेर्दा हेर्दा कांग्रेस साँच्चै बूढो भयो । त्यति साह्रो बूढो त हुन नपर्ने हो । तर, कांग्रेसभित्र धोत्रो पसेका, पात सुकेको बेहालै भो । अब कसैको बैशाखी टेकेर हात समातेर हिँड्नुपर्ने हालतमा छ । एक्लै एकछिन उभिन सक्दैन शेरबहादुरजीलाई गएर सोध्नुस् त ! कांग्रेस एक्लै एकछिन उभिन सक्छ भनेर । अरेबाबा सक्दैन एमालेले बर्बाद गर्छ भन्छन् ।

**■ केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



नेपाली कांग्रेसले भविष्यमा हुने आवधिक निर्वाचनहरूमा निर्वाचनपूर्व गठबन्धन गरेर अब कहिल्यै आफ्ना मतदातालाई अन्य कुनै दलको चुनाव चिह्नमा मत हाल्ने अवस्था सिर्जना गर्ने छैन

**■ गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख सत्ताधारी दल नेपाली कांग्रेसलाई यतिबेला नीति अधिवेशनका पर्व महासमितिमा व्यस्त छ । ललितपुरको गोदावरीमा रहेको सनराइज हलमा कांग्रेस महासमिति सदस्यहरू भेला भइरहँदा पार्टीको नीति प्रस्ताव छायामा परेको छ ।

महामन्त्री गगन थापाले तयार पारेको सांगठनिक प्रस्तावका कारण उपसभापति पूर्णबहादुर खड्काले तयार पारेको नीति प्रस्ताव छायामा परेको हो । उपसभापति खड्काको प्रस्तावमा गठबन्धनकै कारण कांग्रेस पहिलो दल बनेको उल्लेख छ भने गगनको प्रस्तावमा अबको कुनै पनि निर्वाचनमा तालमेल गर्न नहुने प्रस्ताव राखेका छन् ।

'नेपाली कांग्रेसले भविष्यमा हुने आवधिक निर्वाचनहरूमा निर्वाचनपूर्व गठबन्धन गरेर अब कहिल्यै आफ्ना मतदातालाई अन्य कुनै दलको चुनाव चिह्नमा मत हाल्ने अवस्था सिर्जना गर्ने छैन,' गगनको प्रस्तावमा यो संकल्प गर्नुपर्ने उल्लेख छ । गगनको यही प्रस्ताव पार्टी सभापति शेरबहादुर देउवाका लागि भने टाउको दुखाइको विषय बनेको छ ।

यही कारण देउवाले महासमिति उद्घाटनमै गगनको यो प्रस्तावलाई घुमाउरो पारामा अस्वीकार गरे । गठबन्धनको सरकार समयको माग भएको दाबी गर्दै देउवाले भविष्यको निर्धारण पार्टीको विधानमा उल्लेख गर्न नहुने तर्क गरे । 'भविष्यमा राजनीतिक गठबन्धन गर्ने वा नगर्ने भन्ने विषय तत्कालीन परिस्थितिमा निर्भर हुने भएको हुँदा पार्टीले तत्कालीन परिस्थितिअनुसार गठबन्धनको औचित्य सान्दर्भिकतालगायत विषयमा ठोस मूल्यांकन र छलफल गरी त्यसै बेलामा उचित निर्णय लिन सक्ने छ,' देउवाले सोमबार भने । देउवा महामन्त्री थापाको प्रस्तावबाट यो बुँदा जसरी पनि हटाउन चाहन्छन् ।

(क्रमशः पृष्ठ २ मा)

# प्रतिपक्षीको नजर सडकमा निशाना सत्ताको कुर्सी

- एमाले र राप्रपा सडक आन्दोलनको तयारीमा
- सरकारमाथि दबाब बढाउँदै रास्वपा
- दुर्गा प्रसाईंको समूह र कमल थापाको दल पनि सरकार विरोधी आन्दोलनमा



**■ जेबी योञ्जन**

**काठमाडौं–** संसद्मा रहेका प्रतिपपक्षी दलहरूले सरकारविरुद्ध सडक आन्दोलन चर्काउने भएका छन् । भिन्नभिन्न एजेण्डा लिएर नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सडक आन्दोलन गर्ने भएका हुन् ।

एमालेले आजदेखि बस्ने केन्द्रीय समिति बैठकबाट आन्दोलनबारे टुंगो लगाउने भएको छ । पार्टी प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार बैठकमा प्रस्तुत गर्नेगरी सरकारविरुद्ध जनपरिचालनसहितका छ वटा एजेण्डा तय छन् । देशको आर्थिक अवस्था, महँगी, सुशासनलगायत मुद्दामा सदन र सडकबाट आन्दोलन गर्नेसम्बन्धी प्रस्ताव तयार गरिएको गौतमले बताए ।

'यो सरकारले जनताको पक्षमा र देशहितको पक्षमा कामै गर्न सकेन । खाली सत्ता टिकाउने मात्रै फोहोरी खेलमा सरकार छ,' गौतमले प्रभावसँग भने, 'यस्तो सरकारलाई फाल्न हामी सडक र सदन दुवै मोर्चा प्रयोग गर्छौं । यसबारे निर्णय केन्द्रीय समिति बैठकले गर्छ ।'

एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस, जसपा, नेकपा एससहितका दलहरू सम्मिलित सत्ता गठबन्धन बनेसँगै बारम्बार सरकार ढाल्ने चेतावनी दिँदै आएका छन् । सत्ता जोगाउने खेलबाहेक देश र जनताको पक्षमा केही गर्न नसकेको भन्दै उनी पुष्पकमल दाहाल नेतृत्वको गठबन्धन सरकारको आलोचना गर्छन् ।

यसबीचमा उनले सरकार ढाल्न नखोजेका पनि होइनन् । कोशीमा माओवादीबाट इन्द्र आङ्बो मुख्यमन्त्रीका उम्मेदवार गठबन्धनबाट बनेको अवस्थामा गठबन्धनमै रहेको दल कांग्रेसको शेखर कोइराला पक्षीय सांसद केदार कार्कीलाई बोकेर मुख्यमन्त्री बनाए । गठबन्धन भत्काउने प्रयास गरे । अन्ततः सकेनन् । अब सडक र सदनको मोर्चा प्रयोग गरेर जसरी पनि सरकार ढाल्ने आन्दोलनमा एमाले अघि बढ्ने देखिएको छ । तर, सडक आन्दोलनको स्वरूप कस्तो हुन्छ ? एमालेले खुलाएको छैन ।

एमालेले भन्दा अघि राजेन्द्र लिङ्देनले नेतृत्व गरेको राप्रपाले आन्दोलनमा जाने निर्णय गरेको हो । आन्दोलनको पहिलो चरणअन्तर्गत राप्रपाले भोलि (बुधबार) बिहान साढे ११ बजे देशभरबाट प्रधानमन्त्री दाहाललाई विभिन्न मागसहित ज्ञापनपत्र बुझाउने भएको छ ।

पार्टी प्रवक्ता सगुनसुन्दर लावतीले पार्टीको केन्द्रीय समितिसँगै काठमाडौं उपत्यकाको तीन जिल्लाले प्रधानमन्त्री कार्यालय सिंहदरबारमै पुगेर दाहाललाई ज्ञापनपत्र बुझाउने बताए । उनका अनुसार देशमा हिन्दूराष्ट्र र राजसंस्था पुनःस्थापना, प्रदेश खारेजी, महँगी, भ्रष्टाचारजस्ता माग राखेर राप्रपाले ज्ञापनपत्र बुझाउने भएको हो । माग सम्बोधन नभए राप्रपा सडक आन्दोलनमा जाने प्रवक्ता लावतीले बताए ।

'गत पुसको १, २ र ३ गते बसेको केन्द्रीय समिति बैठकले नै फागुनदेखि आन्दोलनमा जाने निर्णय गरेको हो । त्यसअनुसार हामी आन्दोलनका लागि तयार भइसक्यौं,' उनले भने, 'सुरुमा माग राख्ने, सम्बोधन नभए सडक आन्दोलनमा जानेछौं ।'

पार्टी अध्यक्ष लिङ्देन केन्द्रीय आन्दोलन परिचालन समिति संयोजक हुन् । महामन्त्री धवलशमशेर जबरा आन्दोलन परिचालन समितिका संयोजक छन् । आज दिउँसो १ बजे पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा जबराले समितिको बैठक डाकेका छन् । पार्टी अध्यक्ष लिङ्देनको उपस्थितिमा बस्ने बैठकमा काठमाडौंमा उपलब्ध केन्द्रीय सदस्यसँगै प्रतिनिधि र प्रदेश संसद्का सांसदहरू हुने छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# इपिएस भाषा परीक्षामा दैनिक एक हजार जना सहभागी

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस शाखाले यस वर्ष दक्षिण कोरियाको उत्पादनमूलक (म्यानुफ्याक्चरिङ) क्षेत्रमा जाने कामदार भर्ना प्रक्रियाका लागि कोरियन भाषा परीक्षा सुरु गरेको छ । भैँसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमा सोमबारबाट भाषा परीक्षा सुरु भएको हो ।

कोरियन भाषा परीक्षाका लागि ठूलो संख्याले आवेदन दिएका कारण यस वर्ष तीन चरणमा लिइने परीक्षा अवधि लामो हुने शाखाले जनाएको छ । पहिलो चरणमा ४७ हजार ५१९ जना परीक्षार्थी सहभागी हुँदै छन् । प्रत्येक दिन पाँच सिफ्टमा सञ्चालन हुने परीक्षामा एक हजार जनाले परीक्षा दिने व्यवस्था मिलाइएको छ । एक सिफ्टमा २०० जना परीक्षार्थीले परीक्षा दिन पाउने छन् ।

एचआरडी कोरियाले सन् २०२४ का लागि नेपालबाट उत्पादनमूलक क्षेत्रमा १५ हजार ८४८ जना कामदारको माग गरेकोमा एक लाख ६३ हजार ६३५ जना परीक्षार्थीले आवेदन दिएको इपिएस शाखाकी निर्देशक मैयाँ कडेलले बताइन् । 'यति ठूलो मात्रामा आवेदन परेपछि परीक्षालाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन तीन चरणमा परीक्षा सञ्चालन गर्ने निर्णय भएको छ,' उनले भनिन्, 'अपेक्षा गरिएको भन्दा बढी परीक्षार्थी भएपछि तीन चरणमा हुने भाषा परीक्षा सम्पन्न गर्न लामै समय लाग्ने देखिएको छ ।' तीनै चरणमा हुने भाषा परीक्षाको तालिका र सहभागी संख्यासमेत शाखाले सार्वजनिक गरिसकेको निर्देशक कँडेलले जानकारी दिइन् ।




शाखाले सार्वजनिक गरेको तालिका अनुसार सोमबारबाट सञ्चालन भएको पहिलो चरणको परीक्षा आगामी चैत २४ गते सकिने छ । दोस्रो चरणको परीक्षा २०८१ वैशाख ३१ गतेदेखि सोही वर्षको साउन १६ गतेसम्म सञ्चालन हुने छ । जसमा ७९ हजार ९३७ जना परीक्षार्थी सहभागी हुने छन् । त्यस्तै २०८१ कात्तिक २६ गतेदेखि सोही वर्षको पुस २ गतेसम्म सञ्चालन हुने तेस्रो चरणको परीक्षामा ३६ हजार १७९ जना परीक्षार्थी सहभागी हुने छन् । शाखाले सार्वजनिक गरेको तालिका अनुसार भाषा परीक्षा अवधि झण्डै एक वर्षको हुने छ ।

परीक्षा शनिबार पनि सञ्चालन हुने शाखाले जनाएको छ । एचआरडी कोरियाको प्रत्यक्ष निगरानीमा सञ्चालन हुने परीक्षामा मोबाइल फोन, स्मार्टवाचलगायतका कुनै पनि विद्युतीय सञ्चारका साधनहरू लैजान निषेध गरिएको छ । परीक्षामा चिट चोर्ने, नक्कल गर्नेलगायतका अवाञ्छित गतिविधि गरेको भेटिएमा परीक्षा रद्द गर्नुका साथै चार वर्षसम्मका लागि परीक्षामा सहभागी हुन नदिने व्यवस्था गरिएको शाखाले जनाएको छ ।

परीक्षार्थीहरूले आफ्नो परीक्षा कुन दिन कुन सिफ्टमा पर्छ भन्ने थाहा पाउन इपिएस शाखाको वेवसाइटबाट यकीन गर्नुपर्नेछ । परीक्षाको एक दिनअघि सिफ्टअनुसार इपिएस शाखा ग्वार्कोमा बायोमेट्रिक दर्ताका

(क्रमशः पृष्ठ २ मा)

## मलेसियामा ५९ जना आप्रवासी कामदार नियन्त्रणमा

**काठमाडौं (प्रस)–** मलेसियाको अध्यागमन विभागले त्यहाँको विभिन्न क्षेत्रमा छापा मारेर ५९ जना आप्रवासी कामदारलाई नियन्त्रणमा लिएको छ । यसरी नियन्त्रणमा लिइएकामध्ये नौ जना नेपाली कामदार रहेका छन् । उनीहरूलाई विनाकागजात अवैध रूपमा मलेसियामा बसेर काम गरिरहेको आरोप लगाइएको छ ।

अध्यागमन विभागका निर्देशक केनिथ तान ऐ किआङले फेब्रुअरी १८ मा सेरेम्बन सिटी काउन्सिलका प्रहरी र कर्मचारीसँगको सहकार्यमा गरिएको अपरेसनमा ९६१ जना विदेशीको स्क्रिनिङ गर्दा ५९ जना अवैध रूपमा बसेको बताएको त्यहाँको सञ्चारमाध्य द स्टारले उल्लेख गरेको छ ।

पक्राउ पर्नेमा नेपालीसहित म्यानमारका २१, बंगलादेशी २०, पाकिस्तानी चार, भारतीय दुई र इन्डोनेसिया, चीन र युगान्डाका एक-एक जना रहेको उक्त सञ्चारमाध्यमले जनाएको छ । पक्राउ परेकाहरू १६ देखि ४८ वर्ष सम्मका रहेका बताइएको छ । अध्यागमनले रोजगारदातालाई कुनै पनि कागजपत्रविहीन विदेशीलाई काममा नराख्न आग्रह गर्दै गदी त्यसो गरेको पाइए कारबाही गर्न सक्ने चेतावनी दिएको पनि द स्टारले उल्लेख गरेको छ ।







**प्रजातन्त्र दिवसमा मार्चपास** | **राष्ट्रिय प्रजातन्त्र दिवस–२०८० का अवसरमा टुँडिखेलको सैनिक मञ्चमा सोमबार आयोजित समारोहमा मार्चपास प्रस्तुत गर्दै सुरक्षा निकायका टोली ।** *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# प्रधान न्यायालयको फैसला 'वेबसाइट'मा हेर्न सकिने

**काठमाडौं (प्रस)-** सर्वोच्च अदालतको 'वेबसाइट'मा प्रधान न्यायालय (२००८-२०१३) को फैसला हेर्न सकिने भएको छ । नेपाल कानुन पत्रिका प्रकाशनको दिवस पारेर सोमबार सर्वोच्च अदालतले तत्कालीन प्रधान न्यायालयबाट भएका फैसला वेबसाइटमार्फत सार्वजनिक गरेको हो ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले प्रधान न्यायालयको फैसला उतार गरी प्रकाशन गर्नु आफैंमा महत्त्वपूर्ण भएको बताए । उनले न्यायाधीश, कानुन र न्यायको क्षेत्रमा कार्यरत अधिकृत तथा कर्मचारी, कानुन व्यवसायी, अनुसन्धानकर्ता, कानुनका विद्यार्थीलगायत सरोकारवालालाई अत्यन्तै उपयोगी स्रोत सामग्री हुने विश्वास व्यक्त गरे । प्रधानन्यायाधीश श्रेष्ठले न्यायालयका कतिपय फैसला न्यायिक इतिहासमा युगान्तकारी फैसला रहेका र फैसलालाई बोधगम्य भाषामा उतार गरी सर्वोच्च अदालतको वेबसाइटमा प्रविष्ट गरी सबैका लागि पहुँचयोग्य बनाउनु आफैंमा ऐतिहासिक कार्य भएको बताए ।

प्रधानन्यायाधीश श्रेष्ठले भने, 'सार्वजनिक सम्पत्तिका रूपमा रहेका तर जनमानसमा सहजरूपमा उपलब्ध हुन नसकेका प्रधान न्यायालयका फैसला पुरानो लेखन शैलीबाट नयाँ नेपाली भाषाको लेखन शैलीमा उतार गरी जनमानसमा उपलब्ध गराउने कार्यले हाम्रो मौलिक विधिशास्त्रको उजागर गरी कानुनी ज्ञानको प्रवर्द्धन गर्नेतर्फ महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।'

सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिका अध्यक्ष न्यायाधीश हरिप्रसाद फुयालले तत्कालीन प्रधान न्यायालयबाट भएका केही फैसला सार्वजनिक गर्दै प्रधान न्यायालयको फैसला उतारको काम सकिएको जानकारी दिँदै वेबसाइटमा ' अपलोड'को काम भइरहेको बताए । उनका अनुसार २००९ देखि २०१४ सालभित्र प्रधान न्यायालयबाट भएका फैसला अपलोडको काम भइरहेका छन् भने छिट्टै सबै फैसला वेबसाइटमा राखिने छन् ।

प्रधान न्यायालय ऐन आएपछि भएको पहिलो फैसलाका रूपमा हाल उपलब्ध भएकामध्ये 'बाटो खुलाइ पाऊँ' भन्ने पहिलो फैसला रहेको र उक्त फैसला २००९ साउन २७ गते भएको उल्लेख छ ।

# वीरगञ्जमा अनिश्चितकालीन निषेधाज्ञा

**पर्सा (प्रस)-** जिल्ला प्रशासन कार्यालय पर्साले सोबार साँझदेखि अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले सूचना जारी गर्दै सोमबार साँझ ५ बजेदेखि अर्को सूचना जारी नहुञ्जलेसम्म वीरगञ्ज क्षेत्रभित्र निषेधाज्ञा जारी गरिएको जानकारी दिए ।

रौतहटको इशनाथ नगरपालिकाको झडपको विरोधमा आज हिन्दू समाजले निकालेको प्रदर्शनका क्रममा दुई पक्षबीच वीरगञ्जमा झडपको स्थिति सृजना भएकाले निषेधाज्ञा जारी गरिएको प्रजिअ भुसालले बताए । पूर्वमा नगवा चोक, पश्चिममा तिलावे पुल, उत्तरमा परवानीपुर पर्सा र दक्षिणमा मितेरी पुल (भन्सार) सम्म निषेधाज्ञा जारी गरिएको सूचनामा उल्लेख छ ।

निषेधाज्ञा जारी गरेको ठाउँमा हिँड्डुल गर्न, जुलुस प्रदर्शन गर्न, घेराउ गर्न, भेलालगायत उच्छृंखल गतिविधि गर्नमा रोक लगाएको प्रजिअ भुसालले बताए ।

यसैबीच वीरगञ्ज महानगरपालिकाभित्र सुरक्षा व्यवस्था कडा बनाइएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले साँझ ५ बजेपछि महानगरपालिकाका विभिन्न स्थानमा निषेधाज्ञा जारी गरेपछि सुरक्षा व्यवस्था कडा पारिएको हो । वीरगञ्जमा सुरक्षा व्यवस्था कडा पार्नका लागि ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी खटाइएको पर्साका प्रहरी नायब उपरीक्षक एवं निमित्त प्रहरी प्रमुख कुमारविक्रम थापाले बताए ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका गरी झण्डै एक हजार प्रहरी जिल्लाका विभिन्न स्थानमा खटाइएको निमित्त प्रमुख थापाको भनाइ छ । महानगरको माईस्थान चोक, आदर्शनगर चोक, पावरहाउस चोक, मुर्ली चोक, घण्टाघर, ठाकुरराम बहुमुखी क्याम्पस, इदगाह चोक, भन्सार एरियालगायत मुख्य चोक तथा गल्लीमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### गगनलाई...

त्यसैले महासमिति सदस्यहरूको सेन्टिमेन्ट लिन लिखित मन्तव्य राखेर देउवाले संयमता देखाएको उनी निकट नेताहरू बताउँछन् । यसअघिको निर्वाचनमा एमाले माओवादी मिल्दा कांग्रेस प्रत्यक्षमा २३ सिटमा सीमित भएको विषय सम्झनुपर्ने देउवा पक्षका नेताहरूको तर्क छ । नयाँ दलको उदय भएसँग माओवादी र एमाले मिले कांग्रेस अझै खुम्चिने उनीहरूको दाबी छ । यस्तो अवस्थामा देउवाजस्ता पाका नेताको भनाइमा गगन पुस्ता सहमत हुनुपर्ने देउवा पक्षका नेताहरूको तर्क छ ।

तर संस्थापनइतर भने कांग्रेस बलियो हुन एक्लै चुनावमा जानुको विकल्प नभएको बताउँछन् । डा. शेखर कोइराला पनि गगनको मतमा सहमत छन् । 'हरेक तहका निर्वाचनमा अब उप्रान्त नेपाली कांग्रेसले कुनै राजनीतिक दलसँग चुनावी गठबन्धन वा तालमेल गर्नु हुँदैन,' फागुन ४ गते केन्द्रीय समितिमा शेखरले भनेका थिए ।

यसका लागि निर्वाचन प्रणाली भने फेर्नुपर्ने डा. शेखरको पनि सुझाव छ । 'अहिले संविधानमा भएको निर्वाचन प्रणालीले कुनै पनि दलको बहुमत आउने सम्भावना देखिँदैन,' फागुन ४ गते डा. शेखरले केन्द्रीय समितिमा भनेका थिए, 'तसर्थ संविधान संशोधनमार्फत निर्वाचन प्रणाली परिवर्तन गर्न सबै राजनीतिक दलहरूसँस संवादका लागि कांग्रेसले पहल गर्नुपर्छ ।'

सभापति देउवाले पनि संविधानमा मिश्रित निर्वाचन प्रणाली अपनाएकाले अहिले कुनै दलको स्पष्ट बहुमत आउने सम्भावना नरहेको उल्लेख गरेका छन् । कांग्रेसकै नेतृत्वमा संविधान जोगाउनका लागि अहिलेको गठबन्धन भएकोले यसको राजनीतिक जिम्मेवारी पनि कांग्रेसले लिनुपर्ने देउवाले उल्लेख गरेका छन् । 'वर्तमान गठबन्धन हामीसमेतको अग्रसरतामा संविधानको रक्षाको उद्देश्यले गठन भएको हुँदा यसको निरन्तरता हाम्रो राजनीतिक जिम्मेवारी पनि हुन गएको छ,' देउवाले सोमबार भने ।

महामन्त्री थापाले आफ्नो प्रस्तावको अधिकांश बुँदाहरूमा देउवा नेतृत्वको कांग्रेसको गुनगान गाए पनि गठबन्धनबारे भने अब फरक प्रस्ताव गरेका छन् । यस विषयमा ठोस निर्णय लिन देउवाले बूढानीलकण्ठमा पटक-पटक पदाधिकारी बैठक डाकिसकेका छन् । महासमिति उद्घाटनअघि पनि देउवा निवासमा यो विषयमा छलफल भएको थियो । यद्यपि महामन्त्री थापाले अडान नछाडेपछि देउवाले आफ्नो मन्तव्यमै गठबन्धनबारे बोल्नुपरेको थियो । सोमबार राति अबेरसम्मै यो विषयमा छलफल चल्ने र सहमतिका नभए आज मंगलबार पनि छलफल चल्ने पार्टी प्रचार विभाग प्रमुख मिनबहादुर विश्वकर्माले बताए ।

पदाधिकारीको बैठक चल्दाचल्दै सोमबार साँझ देउवा उपप्रधान तथा रक्षामन्त्रीसमेत रहेका उपसभापति खड्कालाई लिएर प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेट्न बालुवाटार पुगेका थिए । गठबन्धन भत्किनेबारे महासमितिमा कुनै प्रस्ताव नआउने र आए पनि पारित नहुने विश्वास दिलाउन देउवा र खड्का बालुवाटार पुगेको बताइएको छ ।

महामन्त्री खड्काको प्रस्तावमा भोलि बिहान ९ बजेबाट चारवटा समूह बनाएर छलफल सुरु हुने कार्यतालिका रहेको छ ।

#### शेखर गगन ओलीको लाइनमा लागेको आरोप

देउवापक्षका नेताहरूले शेखर गगन एमाले अध्यक्ष केपी ओलीकै लाइनमा लागेको आरोप लगाएका छन् । ओली जसरी पनि गठबन्धन फुटाएर सत्तामा जाने दाउमा रहेको र हो मा हो मिलाउने काम शेखर गगन पक्षबाट भएको उनीहरूको दाबी छ ।

सोमबार देउवाले गठबन्धनबारे गोदावरी महासमितिमा आफ्नो भनाइ राख्दै गर्दा यता एमाले अध्यक्ष ओलीले च्यासलबाट कांग्रेस एक्लै उभिनै नसक्ने तर्क गरे । 'हेर्दा हेर्दा कांग्रेस साँच्चै बूढो भयो । त्यति साह्रो बूढो त हुन नपर्ने हो । तर, कांग्रेसभित्र धोत्रो पसेका, पात सुकेको बेहालै भो । अब कसैको बैशाखी टेकेर हात समातेर हिँड्नुपर्ने हालतमा छ,' ओलीले भने, 'एक्लै एकछिन उभिन सक्दैन शेरबहादुरजीलाई गएर सोध्नुस् त ! कांग्रेस एक्लै एकछिन उभिन सक्छ भनेर । अरेबाबा सक्दैन एमालेले बर्बाद गर्छ भन्छन् ।'

ओली र शेखर गगनको बोली ठ्याक्कै एकै भएको एक महासमिति सदस्यले बताए । 'ठ्याक्कै एकै छैन त ओली र शेखर गगनको बोली ?,' ती महासमिति सदस्यले प्रश्न गरे, ' यता देउवालाई मुखमा आएको प्रधानमन्त्री पद जोगाउन धौधौ भइसक्यो ।'

■■■

### प्रतिपक्षीको...

सरकार विरोधी कित्तामा गत वर्षदेखि नै उभिँदै आएको राप्रपाले पनि गर्ने भनिएको सडक आन्दोलनको मोडालिटी थाहा दिएको छैन । तर, अध्यक्ष लिङ्देनले व्यवस्था र अवस्था परिवर्तन गर्न निर्णायक आन्दोलन हुने बताउँदै आएका छन् ।

गत ७ मंसिरमा बल्खुमा विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको समूहले आन्दोलन गर्दा हजारौं मानिस सडकमा उत्रिएपछि हौसिएको राप्रपा झापाको विर्तामोडमा ठूलै प्रदर्शन गर्न सफल भएसँगै आन्दोलनको पक्षमा उभिएको हो । यो दललाई आन्दोलनमा जान भारतको सत्तासिन कट्टर हिन्दूवादी दल भारतीय जनता पार्टीको दबाब रहेको पनि गाइँगुइँ चर्चा चल्दै आएको छ ।

संसद्को अर्को विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि सरकारविरोधी गतिविधिमा सक्रिय छ । सडक पूर्वाधार निर्माणमा भइरहेको ढिलाइप्रति सरकार र ठेकेदारलाई रास्वपाले ध्यानाकर्षण गराउँदै आएको छ । सरकारको काम कारबाहीप्रति यो दल पनि सन्तुष्ट छैन । संसद्मा यस दलले सरकारलाई बारम्बार खबरदारी गर्दै आएको छ ।

दुर्गा प्रसाईं नेतृत्वको समूह त तीन महिनादेखि लगातार आन्दोलनमा छ । आन्दोलनको घोषणा गरेको भने एक वर्ष पूरा भइसकेको छ । कमल थापा नेतृत्वको राप्रपा नेपालले पनि घरिघरी प्रदर्शन गरेर सरकारमाथि दबाब बढाउने गरेको छ ।

सानादेखि ठूला विपक्षी दलहरूको घेराबन्दीले नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहाल नेतृत्वको सरकार अप्ठेरोमा पर्ने देखिएको छ । एकातिर गठबन्धनको मुख्य दल कांग्रेसको संस्थापनइतर खेमा सरकारविरुद्धमा उभिँदै आएको छ । सरकारको सक्दो आलोचना गरेर प्रतिपक्षी दलजस्तो संस्थापनइतर समूह भएको छ ।


गठबन्धनको एउटा घटक नेकपा एकीकृत समाजवादीका नेताहरूले पनि राष्ट्रिय सभा अध्यक्ष नपाए गठबन्धनबारे पुनर्विचार गर्ने चेतावनी दिँदै आएका छन् । कांग्रेसको पनि राष्ट्रिय सभा अध्यक्षमा दाबी रहँदै आएको छ । यसले पनि गठबन्धनमा संकट निम्तिने देखिएको छ । विपक्षी दलहरू सदनसँगै सडकको मोर्चामा देखिन लागेको बेला गठबन्धनमा क्रमशः खटपट बढ्दै गए गठबन्धन भत्किन सक्ने विश्लेषण पनि हुँदै आएको छ । तर, प्रधानमन्त्री दाहालले भने कुर्सीको माया आफूलाई नभएको भन्न थालेका छन् ।

■■■

### एपिएस...

लागि उपस्थित हुनुपर्ने छ । त्यस्तै बायोमेट्रिक भेरिफिकेसन गर्न एक घण्टा अगाडि परीक्षा केन्द्रमा पुग्नु पर्ने छ भने परीक्षा सुरु हुनु ३० मिनेट अगाडि अभिमुखीकरण कक्षा सञ्चालन हुने छ । तोकिए अनुसार प्रक्रिया पुरा गरी निर्धारित समयमा उपस्थित नभए परीक्षार्थीलाई परीक्षामा सहभागी हुन नदिने शाखाले प्रस्ट पारेको छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन ८ गते २०८०, मंगलबार

| | |
|---|---|
| **मेष** | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । |
| **वृष** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **मिथुन** | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । |
| **कर्कट** | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| **सिंह** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| **कन्या** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| **तुला** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । |
| **वृश्चिक** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **धनु** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |
| **मकर** | स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला । |
| **कुम्भ** | प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ । |
| **मीन** | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन ८ गते, २०८०, २० फेब्रुअरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

प्रधानमन्त्री दाहालले भने-

# संघीयताले अथाह सम्भावनालाई अवसरमा बदल्छ

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले संघीय लोकतान्त्रिक प्रणालीले सिर्जना गरेका अथाह सम्भावनालाई अवसरमा बदल्नुपर्ने बताएका छन् । काठमाडौंको सैनिकमञ्च टुँडिखेलमा सोमबार बिहान आयोजित राष्ट्रिय प्रजातन्त्र दिवसको औपचारिक समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणसहित समाजवादको बलियो आधार खडा गर्नुपर्नेमा जोड दिए ।

सन् २०३० सम्म नेपाललाई अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिसहित विकासोन्मुख राष्ट्रको रूपमा स्थापित गर्नुपर्ने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले कूल गार्हस्थ उत्पादनमा गुणात्मक विकास गर्ने राष्ट्रको जिम्मेवारी रहेको बताए ।

'परम्परागत विकासको मोडेल पुनरावलोकन गरी उत्पादन र रोजगारी सिर्जनामा केन्द्रित हुनुछ,' प्रधानमन्त्रीले दाहालले भने, 'रोजगारीका अवसरहरू सिर्जना गरी बौद्धिक पलायन रोक्नुछ । युवाहरूमा आशाको रक्तसञ्चार भर्नु छ । नेपाललाई गरिबीको दुष्चक्रबाट बाहिर निकाल्नुछ ।' प्रजातन्त्र लोकहित अभिवृद्धि गरी राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासको आधार तयार गर्ने व्यवस्था भएको बताउँदै प्रधानमन्त्री दाहालले जनताले आफूलाई शासन गर्ने प्रतिनिधि आफैं चयन गरेर पठाउने प्रजातान्त्रिक प्रणालीले राज्यमा अग्रगामी प्रगति र उन्नतिको आधार सिर्जना गर्ने विश्वास व्यक्त गरे ।

लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्रमात्रै हुने भएकाले यस व्यवस्थामा देखिएका सीमा र कमजोरीको समाधानसमेत यहीँ व्यवस्थाभित्र मात्रै सम्भव रहने उनले उल्लेख गरे । प्रधानमन्त्री दाहालले भने, 'लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणसहित संस्थागत विकास, संघीयताको प्रभावकारी कार्यान्वयन, राज्य सञ्चालन प्रक्रियामा नागरिकको सक्रिय सहभागिताबाट मात्र जनअधिकार र जनजीविकाको सुदृढीकरण एवं समाजवादको आधार तयार हुनसक्छ ।'

जनताको जागरूकता र अपनत्वले मात्र लोकतन्त्रको निरन्तर विकास तथा दिगोपन सम्भव हुने बताउँदै प्रधानमन्त्री दाहालले कानुनको शासन, मानवअधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट जनहित र लोककल्याणकारी समाज निर्माण गर्न सकिने बताए ।


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

WE ARE HIRING

1. Documentation Officer -1 (F)

नोटः साउदी सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ वर्ष अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः आपसी समझदारीमा

JBR Associates Pvt. Ltd.
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115, Mob No : 9801017866
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/११/०८**

यस कम्पनीको मिति २०८०/१०/२५ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **"मेधिनी इन्टरनेशनल" प्रा.लि.** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"जेनेक्स इन्टरनेशनल" प्रा.लि.** (प्रा. लि. नं. २७०४३३) कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/११/०८**

यस कम्पनीको मिति २०८०/०९/२९ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **"ईन्टरनेशनल ईन्स्टिच्युट अफ रिटेल" प्रा.लि.** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"आनन्दलय हस्पिटालिटी" प्रा.लि.** (प्रा. लि. नं. १३६६६७) कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# चलायमान हुन थाले बागलुङका घरबास



**ढोरपाटन (बागलुङ)-** पर्यटन याम सुरु भएसँगै बागलुङका घरबास (होम-स्टे) मा पर्यटक बढ्न थालेका छन् । दसैं तिहारको समयमा भरिभराउ भएका घरबास जाडोयाम सुरु भएपछि पाहुना कम भएका थिए । माघ दोस्रो सातादेखि पुनः घरबासमा पर्यटक आउन थालेका हुन् । बागलुङमा आधिकारिक रूपमा दर्ता भएका २८ सामुदायिक तथा व्यक्तिगत घरबास छन् भने केही दर्ता विना नै सञ्चालनमा छन् । जिल्लाको बागलुङ नगरपालिका-१० भुकण्डेमा सबैभन्दा बढी घरबास भएको पाइन्छ ।

कुण्डेमा १५ वटा सामुदायिक घरबास रहेका छन् । काठेखोल, बरेङ, ढोरपाटनलगायतका ठाउँमा पनि घरबास सञ्चालनमा छन् । पछिल्लो समय सबैभन्दा बढी चल्ने मध्येमा भकुण्डेस्थित अतिथि सत्कार सामुदायिक घरबास र काठेखोला गाउँपालिका-३ बेलढुंगामा रहेको बेलढुंगा सामुदायिक घरबास पर्छन् । भकुण्डेबाट पूर्वदेखि पश्चिमसम्म अनगिन्ती हिमशृंखलाको अवलोकनसँगै उच्च पहाडी क्षेत्रको दृश्यावलोकन गर्न सकिने र बेलढुंगाबाट हिमालीसँगै पहाडी जिल्लाका धेरै ठाउँ देख्न सकिने हुँदा पर्यटक घुम्न आउने गर्छन् ।

पर्यटकीय क्षेत्र भएकै ठाउँमा घरबास सञ्चालनमा रहेको हुँदा पर्यटकलाई खान, बस्नका लागि सहज भएको छ भने स्थानीयवासीलाई आयआर्जनको माध्यम बनेको छ । बागलुङ नगरपालिका-१० भकुण्डेका घरबास सञ्चालक याम थापाले आन्तरिकसँगै बाह्य पर्यटक आउन थालेको बताए । आन्तरिक पर्यटक एक दिन आउने र बास बसेर जाने गरेको भन्दै विदेशी पाहुना केही दिन बस्ने उनको भनाइ छ ।

भकुण्डेमा रहेको बराह ताल र भ्युटावरमा चढेर रमाउनका लागि प्रत्येक साता दुई दिन पर्यटकको बढी चहलपहल हुने थापाले बताए । पर्यटक आउन थालेपछि घरबास संचालकहरूको आय आर्जनसमेत राम्रो बन्दै गएको उनी सुनाउँछन् ।

थापाका अनुसार महिनामा करिब ५०० पर्यटक घरबासमा बास बस्ने गरी आउने गरेका छन् । उनले भने, 'अहिले पर्यटक आउन थालेका छन्, बर्खामा सुनसान जस्तै भएको थियो, दसैं तिहारका बेला धेरै आए, जाडो भएर होला बीचमा निकै कम भएको थियो, विदेशी पर्यटक पनि आइरहेका छन्, अमेरिकन र कोरियन पर्यटक बढी आउँछन्, घरबासलाई व्यवस्थित बनाउँदै गएका छौं त्यसले गर्दा पनि मान्छेहरू एक रात भए पनि बस्नका लागि यहाँ आउनुहुन्छ, उहाँहरूलाई जति सक्दो सन्तुष्ट बनाएर पठाउने कोसिस गरिरहेका छौं ।'

बेलढुंगा सामुदायिक घरबासका अध्यक्ष गोपाल श्रीसले घुम्न आउने पर्यटकको संख्या बढेपछि बास बस्न आउने पाहुना पनि विस्तारै बढ्न थालेको बताए । बाह्रैमहिना नियमित पर्यटक नआउँदा घरबास सञ्चालनमा समस्या भएको सुनाउँदै पर्यटकीय याम सुरु भएपछि घरबासमा सबै पाहुना आउने उनको भनाइ छ । घरबासलाई पाहुनाको चाहना र माग अनुसार व्यवस्थित बनाएको सुनाउँदै धेरै जस्तो पर्यटकले बजारको जस्तो सुविधा खोज्ने गरेको श्रीस बताउँछन् ।

बेलढुंगामा महिनामा झण्डै एक हजार ५०० पर्यटक आउने भए पनि कममात्रै घरबासमा आउने उनको भनाइ छ । 'घरबास सञ्चालनमा नआउँदा धेरै पर्यटकलाई समस्या थियो, घुम्दाघुम्दै रात पर्‍यो भने बजार फर्किन समस्या हुन्थ्यो, गाउँका गोठमा बास बस्नुपर्ने स्थिति थियो, तर अहिले पर्यटकको त्यो समस्यालाई हामीहरूले समाधान गरेका छौं,' अध्यक्ष श्रीसले भने, 'बेला-बेला बाहिरबाट पनि पर्यटकहरू आउँछन्, अपेक्षा अनुसार पाहुना आउन सकेका छैनन् तर समग्रमा अहिले आइराखेको संख्या राम्रो हो, पर्यटकीय क्षेत्रलाई व्यवस्थित गर्न पनि लागिपरेका छौं पछिपछि धेरै आउने अपेक्षा राखेका छौं ।'

अतिथि सत्कार घरबास भकुण्डेकी उपाध्यक्ष इन्द्रा थापा हरेक हप्ता शुक्रबार र शनिबार पाहुनाले घरबास भरिभराउ हुने बताइन् । अन्य समयमा पनि निरन्तर पर्यटक आइराखेको भन्दै यहाँका घरबास सञ्चालकले लगानीसमेत गरिरहेको उनको भनाइ छ । खासगरी बागलुङ बजारबाट धेरै पाहुना आउने हुँदा घरबास सञ्चालनमा समस्या नभएको थापा बताउँछिन् । माघदेखि हालसम्म हजारौं पाहुनालाई सेवा दिएको उनले बताइन् । *रासस*

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/०८ गते)

विलानाथ पौडेलको नाति, राम प्रसाद पौडेलको छोरा इश्वरी पौडेलको पति नुवाकोट जिल्ला, लिखु गा.वि.स वडा नं ०४ बस्ने टुङ्क प्रसाद पौडेलको मिति २०७६/०५/३१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बालाजु शाखामा रहेको बचत खाता नं.१३३००६७३८४९००००१ र बटार शाखामा रहेको बचत खाता नं १३६००६६८२२१००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंकको बालाजु शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय बालाजु, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बालाजु, काठमाण्डौं फोन नं. ०१-४९८२१८०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/११/०२ मा दर्ता भएको प्रा.लि. नं. २८३९३७ को **एम.बी. शुज सप प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## ढाक्रेबास सा.व.उ.स. बेलका नगरपालिका-४ उदयपुरको काठ लिलाम विक्री सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/११/०८

यस समूहको बार्षिक कार्ययोजना अनुसार वनक्षेत्रमा कटान मुछान भई घाटगद्दी भएका मिति २०८०।४।२७ गते प्रभाव दैनिकमा प्रकाशित सूचना अनुसार बिक्रि नभएका लट नम्बर १ को साल जातको गोलिया थान ६० को ४६८.८३ क्यूफिट, लट नम्बर २ को साल जातको गोलिया थान ८० को ७७७.०३ क्यूफिट, लट नम्बर ३ को कर्मा जातको गोलिया थान ६ को ११८.९५ क्यूफिट, लट नम्बर ४ को साल जातको गोलिया थान ७९ को ६०७.५१ क्यूफिट काठ र दाउरा २ चट्टा समूह बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका र वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका काष्ठ उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOLIO GREEN HOUSE RESTAURANT CO.
पुर्व स्वीकृति मिति २०८०/०६/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०७ LT No :293091 चलानी नं. ६०२०८२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 90 | ३८,८१० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 8 | 0 | 150 | ६४,६८५ | | | | | | | |
| 3 | Waiter | 6 | 0 | 130 | ५६,०६० | | | | | | | |

कम्पनी : LA COQUETTE LADIES BEAUTY SALON
पुर्व स्वीकृति मिति २०७९/०४/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०७ LT No :269551 चलानी नं. ६०१८५२२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 125 | ५३,९०५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salon Worker | 0 | 5 | 125 | ५३,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०१/०७ मा दर्ता भएको **प्रा.लि. नं. ३१४५०९** को **जोरबा रेष्टुरेण्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५९/११/०६ मा दर्ता भएको **प्रा.लि. नं. २२७३५** को **डि.बि. क्लिनर्स सप्लायर्स एण्ड गर्डेनर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KOUT BEACH HOTEL KUWAIT
पूर्व स्वीकृति मितिः २०८०/०५/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०७ LT No. 292294 चलानी नं. ६०२०७३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 2 | 0 | 120 | ५१,८२५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 1 | 0 | 150 | ६४,७८५ | | | | | | | |
| 3 | Room Attendant Cleaner | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 4 | Laundry Attendant | 2 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 5 | Kitchen Steward | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 130 | ५६,१४५ | | | | | | | |
| 7 | Salon Beautician | 0 | 8 | 200 | ८६,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Supreme Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MABIA HOSPITALITY L.L.C.
पूर्व स्वीकृति मिति २०७९/०७/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०७ LT. No. 275031 चलानी नं. ६०१९०७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Event Planner | 55 | 0 | 1200 | ४३,३८० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Follow up Clerk | 55 | 30 | 1200 | ४३,३८० | | | | | | | |

कम्पनी : SWITCH GEAR ELECTRO TRADING AND CONTRACTING WLL
पूर्व स्वीकृति मिति २०८०/११/०६ LT. No. 300158 चलानी नं. ६०२१५१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 8 | 0 | 1200 | ४३,७६० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,१७० | | | | | | | |

कम्पनी : G STEEEL FOR KITCHEN TRADING AND INSTALLATION
पूर्व स्वीकृति मिति २०८०/११/०६ LT. No. 300157 चलानी नं. ६०२१५१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६१,९९५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३६,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## कांग्रेसमा बेमौसमी बाजा

**नेपाली कांग्रेस अहिले नीति निर्माणका लागि जुटेको छ । आफ्नै नेतृत्वमा संविधान जारी गरेको कांग्रेस यतिबेला असन्तुष्ट देखिन्छ । देशलाई द्वन्द्वबाट शान्तितर्फ ल्याउन २०७२ मा संविधान जारी गरेको नेतृत्वको जस लिन कांग्रेसका साधारण सदस्य पनि अघि बढ्छन् ।**

**तर जारी महासमितिमा कांग्रेसले यही संविधानमाथि असन्तुष्टि पोखिरहेको देखिन्छ । कांग्रेसमा मुख्यतया दुई खेमा प्रस्ट देखिन्छ । पहिलो संस्थापन जुन सभापति शेरबहादुर देउवाले नेतृत्व गरिरहेका छन् भने अर्को संस्थापनइतर जसलाई डा. शेखर कोइरालाले नेतृत्व गरिरहेका छन् ।**

**संस्थापन पक्ष धर्म निरपेक्षतामा रुष्ट देखिन्छन् भने संस्थापनइतर निर्वाचन प्रणालीमाथि । संस्थापन पक्षका नेता शंकर भण्डारीको नेतृत्वमा हिन्दूराष्ट्र बनाइनुपर्छ भन्दै महासमितिस्थलमा हस्ताक्षर अभियान चलाइरहेका छन् । उनलाई मौन साथ दिइरहेको छन् संस्थापनका नेताहरू डा. शशांक कोइराला, देवेन्द्रराज कँडेललगायत । अघिल्लो महासमितिमा हस्ताक्षर अभियान चलाए पनि नेतृत्वले यो विषयलाई नीतिमा समावेश भने गरेन । यसपटक पनि पार्टी उपसभापति पूर्णबहादुर खड्काले पेस गरेको नीति प्रस्तावमा यो विषय उल्लेख छैन । यद्यपि देशलाई हिन्दूराष्ट्र घोषणा गराउने अभियान चर्काउन भण्डारीलगायतका नेताहरू लागिपरेका छन् ।**

**समावेशी सहभागिता सुनिश्चित गरेको निर्वाचन प्रणाली फेर्न संस्थापनइतरले दबाब दिइरहेको छ । डा. शेखर कोइराला पक्षले यसमा वकालत गरिरहेको छ । डा. शेखरले मिश्रित निर्वाचन प्रणालीले एक पार्टीको बहुमत नआउने उल्लेख गर्दै संविधान संशोधनको प्रस्ताव गरेका छन् । यसमा साथ दिएका छन् महामन्त्री गगन थापाले । अब कांग्रेसले कुनै दलसँग गठबन्धन गर्न नहुने उनको प्रस्ताव छ । यसरी कांग्रेस महासमितिमा आफ्नै नेतृत्वमा जारी संविधानमाथि असन्तुष्टि प्रकट भइरहेको छ ।**

**कांग्रेसको बहुमत महासमिति सदस्य भने यी दुवै विषयमा सहमत नभएको पार्टीको ठम्याइ छ । यसैले पार्टीले यी दुवै विषयलाई नीतिमा राखेको छैन । नीतिमा नराख्ने नेतृत्वको अडान पनि देखिन्छ । संविधान परिवर्तन हुनै नसक्ने दस्तावेज होइन । तर भर्खरै अभ्यासमा आएको संविधानप्रति नेतृत्व लिएकै पार्टीका नेताहरूले यसरी असन्तुष्टि जनाउनु कतिको जायज होला ? अहिले संघीयता पूर्ण कार्यान्वयनमा आएको छैन । प्रदेशले पूर्ण अधिकारको अभ्यास गर्न पाएको छैन । यद्यपि गाउँगाउँमा विकास पुगेको छ । संघीयताको अवगुणमात्रै हेरेर नेताहरूले क्षणिक लाभ र लोकप्रिय हुने विषयका मुद्दा चर्काउनु कति पनि ठीक होइन । नयाँ संविधान जारी पछि देशमा स्थिरता कायम हुने क्रममा छ । जुन न त २००७ सालपछि कायम थियो न त २०४६ को आन्दोलनपछि । त्यसैले ठूलो दल नेपाली कांग्रेसले यस्तो विषयमा संयमता अपनाउन सक्नुपर्छ ।**

### मनन्योग्य

### चाणक्य नीति

यो के भन्नुहुन्छ गुरुदेव ! प्रजा मलाई घृणाले हेर्छन्, इतिहासमा मलाई कलंकित नबनाउनुहोस्, चन्द्रगुप्तले भने । विजयपछि शकटारलाई चन्द्रगुप्तको सहायतार्थ चाणक्यले नियुक्ति गरे । शकटारतिर हेर्दै चाणक्यले भने- 'नन्दको दाहसंस्कारको व्यवस्था गर्नोस् । चन्द्रगुप्त मगधको शासक बनेको घोषणा गर्नोस् । महानन्दका किरियाकर्म भएपछि राज्याभिषेक हुनेछ ।'

सूर्य अस्ताचलतिर ढल्किरहेथे। शोणनदीका किनारमा महानन्दको चिता बलिरहेथ्यो । सूर्यले आफ्नो रातो किरणद्वारा चिताको अग्निको रातोपनामा अरू रातो थपिरहेका थिए । माटोको शरीर माटैमा बिलाउन आतुर थियो, चन्द्रगुप्त शोकले खडा थिए। उनी सोच्तै छन्- मगधाधिपति, जसका हुकारले सिकन्दरद्वारा बढाइएको पाइला पनि रोकेथ्यो, जो यत्रो राज्यको मालिक त्यही आज एकमुठी धूलो हुँदैछ ।

मरिसकेपछि संसारका राम्रा नराम्रा कुरा सँगै जान्छन् । मानिस ठूलाठूला कुरा पनि चाँडै विर्सन्छ । चिताबाट मानिस आँखाभरि आँसु पार्दै घरतिर फर्किन्छ । केही समयपछि तिनै आँखा हाँस्नु, खेल्नु हासपरिहास आदिमा चम्किन थाल्छन् ।

जुन मुरा यो महलबाट परित्यक्ता बनी निकालिएकी थिइन् उनै फेरि यही महलमा आइन्, तर परिस्थिति उल्टो । पहिलो अवस्थामा यो महलमा रूप र गन्ध सबैतिर देखिन्थ्यो । उन्मत्त यौवनपूर्ण नवयौवनाहरू नाचगान र सुगन्धयुक्त भई महलमा शोभा दिन्थे । तर, आज यही महलमा सुनसान एवम् सबैतिर अनुशासित सैनिकको पहरा र मृत्युजस्तो उदासी छ । यी सबै कुरा देखा मुशलाई आश्चर्य लाग्थ्यो ।ध

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ सुनले बनेका दुई धसिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यने सम्झाउँदै भने- ' अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हांस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँछ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा होस् स्वाभाविक हो महात्मा !'

होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा जस्तै कठोर तिमीले बन्नुपर्छ । क्रमश :

# लोकतन्त्रविना आमसञ्चार माध्यम बलियो बन्दैन



▶▶ सिद्धराज राई

लोकतन्त्रमा पत्रिका, रेडियो, टेलिभिजन, अनलाइनसँगै डिजिटल मिडियाको उपभोग गरी विचार राख्ने, कला प्रस्तुति गर्ने र विज्ञापन गर्ने अवसर पाएका छन् । प्रजातान्त्रिक व्यवस्थाले दिएका स्वतन्त्रताको उपभोग गर्दा सामाजिक सद्भाव भड्किने, उच्छृंखल्ता प्रदर्शित हुने र कानुनी व्यवस्थालाई नै चुनौती दिने अवस्था आएपछि सरकारले नियमन र नियन्त्रणको प्रयास गर्नुपर्ने बाध्यता आएको महसुस पनि गराएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता भनेको स्वच्छन्दता (छाडातन्त्र) होइन ।

लोकतन्त्र र उदार समाजवादी व्यवस्थाले दिएको अधिकार क्षेत्रभित्र रही सूचना प्रविधिको तीव्रतर विकासले आमसञ्चारका अनेकन माध्यमहरू आएका छन् । छापामाध्यमदेखि अत्याधुनिक इन्टरनेट सञ्जालसम्म आइपुग्दा आमसञ्चारका माध्यममा आएको आमूल परिवर्तनसँगै सञ्चार प्रक्रियामा पनि व्यापक परिवर्तन आएको छ । एकतर्फी सञ्चारप्रणाली क्रमशः भत्किँदै गइरहेका छन् । यद्यपि, आमसञ्चारको सबैभन्दा पुरानो माध्यम छापालाई नै मानिएको छ ।

आमसञ्चारको पुर्खाका रूपमा मानिएको एक्टा डिउना प्रारम्भिक रूप मानिन्छ । इसापूर्व ५९ मा रोमन सम्राट जुलियस सिजरले सर्वसाधारण जनताका लागि सरकारी आदेश, युद्ध र राजपरिवारमा भएको महत्त्वपूर्ण घटना परिघटनाको जानकारी दिन एक्टा डिउनाको प्रयोग गरेका थिए । यो प्रयोग रोमका सर्वसाधारणलेसमेत गरेका थिए । त्यतिबेला नागरिकप्रति उत्तरदायी र जवाफदेही भएका शासकहरूले गरेको अभ्यास भन्ने गरिन्छ ।

आधुनिक छापामाध्यमको प्रारम्भ सन् १४४० मा जर्मन नागरिक जोहानेस गुटेनवर्गले प्रयोगमा ल्याए । उनले पहिलोपटक आधुनिक छापाखानाको आविष्कार गरेका थिए । यसबाट पर्चा, पुस्तकहरू प्रकाशन हुन थाल्यो । छापाखाना आविस्कार भएको दुई शताब्दीपछि मात्र पत्रपत्रिकाको प्रकाशन भएको पाइन्छ । बेलायतबाट प्रकाशित अम्सटर्डमलाई आधुनिक छापामा प्रकाशित पहिलो पत्रिका मानिए पनि यसको कुनै आधिकारिकता भेटिएको छैन । आधिकारिक प्रमाण भेटिएको पहिलो अंग्रेजी पत्रिका १६ नोभेभर १६६५ मा बेलायतबाट प्रकाशित लन्डन गजेट मानिएको छ ।

सन् १९९५ मा मार्कोनीले रेडियो तरंगको अविष्कार गरे र पहिलो बेलायतबाट अमेरिकासम्म आवाज पुगेको इतिहास छ । सन् १९२० मा पहिलोपटक अमेरिकाको केडिकेए रेडियोको माध्यमबाट मान्छेको आवाज सुनिएको थियो । सन् १९२२ मा बिबिसी रेडियो सुरुआत भयो । सन् १९२३ मा दक्षिण एसियामा रेडियो सिलोन (श्रीलंका) र सन १९२४ अल इन्डिया रेडियो सुरुआत भएको हो ।

छापामाध्यमलाई व्यावसायिकीकरण गर्न पेन्नी प्रेसको ठूलो योगदान छ । विज्ञापनबाट पत्रिका सबल बनाइनुपर्छ भन्ने कुरा पनि यहीँबाट आएको हो । यसपछि मूलतः पश्चिमा देशहरूमै छापामाध्यमको विकास भएको पाइन्छ । एउटा समय क्रममा प्रविधिको विकास भए पनि त्यसले फुल्ने फैलिने मौका भने राजनीतिक व्यवस्थाले प्रत्यक्ष परोक्षरूपमा प्रभाव पारेको देखिन्छ । ती देशहरूको लोकतान्त्रिक शासन र उदार पुँजीवादी अर्थ व्यवस्थाले मिडियाको विकासमा महत्त्वपूर्ण योगदान गरेको बुझ्न सकिन्छ ।

नेपाली पत्रकारिताको विकास क्रमलाई हेर्दा यो देशको राजनीतिक घटनाक्रमलाई सँगै राखेर हेर्नैपर्छ । राणा प्रधानमन्त्री जंगबहादुर बेलायत भ्रमणमा जाँदा बेलायतमा पत्रिका पढेर सूचना पाएपछि आफू फर्कंदा १९०८ सालमा एउटा छापाखाना लिएर आएका इतिहास छ । त्यस छापाखानालाई 'गिद्दे प्रेस' को नामले चिनिन्छ । बेलायतको लोकतान्त्रिक व्यवस्थामा आमसञ्चार माध्यमको प्रभाव देखेरै प्रेस ल्याएको हो भन्न सकिन्छ । अर्थात जुन देशको व्यवस्था लोकतान्त्रिक र उदार छ, त्यहाँ आमसञ्चार माध्यमको तीव्रगतिमा विकास भएको इतिहासले देखाउँछ ।

नेपालको शासन व्यवस्थाको तुलानात्मक अध्ययन गर्दा राणा शासनकालमै प्रेस ल्याएर १९५८ सालदेखि गोरखापत्र छपाउन थाले पनि निजीस्तरबाट आमसञ्चारको सुरुआत प्रजातान्त्रिक व्यवस्थामा मात्रै भएको छ । १०४ वर्षे राणा शासनमा पहिलो पत्रिका सुधासागर, शारदा, 'उद्योग, घरेलु इलम, आँखा, जागरणलगायत जम्मा १३ वटा पत्रपत्रिका प्रकाशित भएका थिए, ती सबै साहित्यिक थिए । गोरखापत्र पनि राणा शासन लोकतान्त्रिक प्रधानमन्त्री भनिएका देव शम्शेरको पालामा सुरुआत भएको हो ।

तर २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्रको घोषणा भएपछि नेपालमा समाचारमूलक पत्रिकाको विकास भएको हो । रेडियो नेपालको २००७ चैत्र २० गतेदेखि औपचारिक सुरुआत नै भयो । प्रजातन्त्र आएपछि प्रकाशन स्वतन्त्रता प्राप्त भयो । प्रजातन्त्र प्राप्तिको दोस्रो दिन २००७ फागुन ८ गते नै पहिलो दैनिक पत्रिका 'आवाज' सुरु भएको ग्रीष्मबहादुर देवकोटाको 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' २०५९ मा उल्लेख छ ।

वि.सं. २००७ पछिको २०१७ सालसम्मको यो दशकमा संख्यात्मकरूपमा पत्रपत्रिका प्रकाशन फस्टायो । यहीबेला नेपालमा समाचार एजेन्सीको प्रारम्भ भयो । २०१८ साल फागुन ७ देखि राष्ट्रिय समाचार समिति (रासस)को सुरुआत भए पनि सगरमाथा संवाद समिति र नेपाल संवाद समिति २०१६ सालमै सञ्चालनमा आइसकेको थियो । तत्कालीन राजा महेन्द्रले आफ्नै हातमा शासनसत्ता लिएर पञ्चायती व्यवस्थाको घोषणा गरेपछि फेरि नेपाली मिडिया धाराशायी बन्यो । पत्रपत्रिका प्रकाशनमा कडाइ गरियो । त्यतिमात्र होइन, २०१९ साउन १४ गते काठमाडौं मेजिस्ट्रेड अफिसले दैनिक पत्रिका १०, साप्ताहिक पत्रिका ३२, पाक्षिक पत्रिका चार, मासिक पत्रिका ११, द्वैमासिक पत्रिका पाँच र त्रैमासिक पत्रिका तीन गरी जम्मा ६५ वटा पत्रिकाको प्रकाशन रद्द गरेको देवकोटाको 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' २०५९ नामक पुस्तकमा उल्लेख छ ।

पञ्चायतकालमा पत्रिका प्रकाशन हुने र बन्द हुने निरन्तरता चल्यो । तर २०४६ सालको जनआन्दोलनले प्रजातन्त्रको उदय भयो । वि.सं. २०४७ को 'नेपाल अधिराज्यको संविधान, २०४७' ले पत्रपत्रिका प्रकाशनमा संवैधानिक प्रत्याभूति प्रदान गऱ्यो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३ मा 'पत्रपत्रिका छापेको आधारमा प्रेसलाई सिलबन्दी नगर्ने, समाचार लेखेकै आधारमा पत्रपत्रिकाको दर्ता खारेजी गर्ने र समाचारमा सेन्सरसिप नगर्ने' स्पष्ट व्यवस्था गरेको थियो । यही संवैधानिक व्यवस्थाले राष्ट्रिय सञ्चार नीति २०४९ बन्यो । यही कारण नेपालमा प्रजातन्त्र प्राप्तिसँगै पत्रकारिता क्षेत्रमा उभार आयो । तर केही वर्षपछि नै २०५२ सालदेखि सुरु भएको नेकपा माओवादीको सशस्त्र द्वन्द्वका क्रममा विद्रोही र सुरक्षाकर्मीको दोहोरो चपेटामा पऱ्यो । दर्जनौं पत्रकारहरूले ज्यान आहूति दिनुपर्ने कति पत्रकार अझै पनि बेपत्ता छन् ।

वि.सं. २०६३ को दोस्रो जनआन्दोलन सफल हुनेबित्तिकै लोकतन्त्र प्राप्तिको आन्दोलनमा सञ्चार क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुँदा अन्तरिम संविधान, २०६३ मा फराकिलो व्यवस्था गरियो । अभिव्यक्ति स्वतन्त्रता र सञ्चारमाध्यमका हकहितका विषयमा नेपालको संविधान २०७२ मा स्पष्ट व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ को धारा १९ मा विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेखरचना वा अन्य कुनै पाठ्य श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन ।

त्यस्तै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन प्रसारण गर्ने वा छाप्ने रेडिया, टेलिभिजन, अनलाइन वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन भन्ने स्पष्ट व्यवस्था भएपछि नेपालमा आमसञ्चारका माध्यम खुल्ने क्रम तीव्रगतिमा अगाडि बढेको छ ।


यी तथ्यलाई अध्ययन गर्दा लोकतात्रिक व्यवस्थामा आमसञ्चार माध्यमको विकास हुने र स्वतन्त्रताको उपभोग गर्न पाइन्ने रहेछ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । लोकतान्त्रिक व्यवस्थाको चार खम्बामध्ये आमसञ्चार एक हो । जनताद्वारा चुनिएको संसद, संसद्ले बनाएको सरकार, स्वतन्त्र न्यायालयलाई नियम, कानुनअनुसार काम गराउन खबरदारी (वाचडग) गर्ने कार्य आमसञ्चार माध्यमले गर्नुपर्छ । सूचनाको युगमा लोकतन्त्रको चौथो स्तम्भका रूपमा सञ्चारमाध्यमले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसले एक निगरानीकर्ताको रूपमा काम गरिरहेको छ । सत्तामा रहेकाहरूलाई जवाफदेही बनाउन र नागरिकहरूलाई सही र निष्पक्ष जानकारी प्रदान गर्न, लोकतान्त्रिक प्रक्रियामा सहभागी बढाउन आमसञ्चारको भूमिका सशक्त हुन्छ र हुनुपर्छ ।

लोकतन्त्रमा पत्रिका, रेडियो, टेलिभिजन, अनलाइनसँगै डिजिटल मिडियाको उपभोग गरी विचार राख्ने, कला प्रस्तुति गर्ने र विज्ञापन गर्ने अवसर पाएका छन् । प्रजातान्त्रिक व्यवस्थाले दिएका स्वतन्त्रताको उपभोग गर्दा सामाजिक सद्भाव भड्किने, उच्छृंखल्ता प्रदर्शित हुने र कानुनी व्यवस्थालाई नै चुनौती दिने अवस्था आएपछि सरकारले नियमन र नियन्त्रणको प्रयास गर्नुपर्ने बाध्यता आएको महसुस पनि गराएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता भनेको स्वच्छन्दता (छाडातन्त्र) होइन । नियम, कानुनको परिधिभित्र रहेर लोकतन्त्रको मूल्य मान्यताअनुसार राज्य र समाजप्रति उत्तरदायी र जवाफदेही बन्ने विषय हो ।

नेपालको सार्वभौमसत्ता र अखण्डताको रक्षा, सबै जाति, भाषा, धर्म, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र सामञ्जस्यता अभिवृद्धि गर्ने, भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याई राष्ट्रहित र एकतामा अभिवृद्धि गराउने, छिमेकी मुलुक एवं मित्र राष्ट्रसँगको सम्बन्धलाई प्रवर्द्धन गराउने जस्ता कार्य गर्ने दायित्व आमसञ्चारमाध्यम प्रयोगकर्ताको हो । आमसञ्चारको माध्यमलाई गलत उपयोग गर्ने र आफ्नो जिम्मेवारी र सामाजिक उत्तरदायित्व बिर्सने कार्यले लोकतान्त्रिक व्यवस्था र कानुनको उपहास गर्छ । त्यसैले लोकतन्त्रलाई बलियो बनाउनु अहिले अवश्यकता हो । बलियो लोकतान्त्रिक व्यवस्थामा जिम्मेवार र जनउत्तरदायी संसद्, सरकार, न्यायलय र आमसञ्चार हुनुपर्छ । *रासस*

*(लेखक राससका महाप्रबन्धक हुन्)*

# ७३ वर्षीय बूढो 'पर्जातन्त्र'




नयाँ सडक र बसन्तपुरको बीचमा ठिंग उभिएका जुद्ध शमशेर पूर्वतिरबाट उदाएको सूर्यलाई हेरेर दंग परिरहेका छन् । उता त्रिपुरेश्वरबाट उत्तर फर्किएर बसेका त्रिभुवन पनि मुसुमुसु हाँसिरहका देखिन्छन् । यी दुईको पूर्वीय मोहडा र उत्तरी मोहडाले कता-कता उत्सुकता थपिरहेको छ ।

निरंकुश राणा शासनका विरुद्ध लागेका राजा त्रिभुवन र त्यही राणा शासनका अन्तिम प्रधानमन्त्रीको मुहार चम्किएको देखेर सिंहदरबार हेर्दै राणाहरूले मृत्युदण्ड दिएका चार सहिदहरू खित्का छाँडेर हाँसिरहेका छन् । सहिदहरूको अट्टाहस हाँसोले सैनिक मञ्चमा दक्षिण फर्केर विराजमान भएका सत्ताधारीहरू रिसले चुर छन् ।

फागुन ७ आउनेबित्तिकै हरेक चोटी यिनीहरूको रमिता यस्तै हुन्छ । टुँडिखेलको पूर्वी छेउमा रहेको बूढो रुख पनि मरिमरी आफ्ना भएभरका जगल्टा हल्लाउँदै खुच्चिङ-खुच्चिङ भन्दै भाँचिएका कुम हल्लाइरहेका छन् । बूढो रुखले आफ्ना जगल्टा हल्लाउन थालेपछि चार सहिदका सालिकहरू प्याट्टप्याट्ट ताली पट्काएर खिसिटिउँरी गर्दै छन् ।

उता जुद्ध शमशेर रिसले चुर भएर न्युरोड गेटमै पुगौला जस्तो गरिरहेका छन् । जुद्ध शमशेरको आक्रोश देखेरै होला धर्मभक्त, गंगालाल, शुक्रराज र दशरथ चारजना हेराहेर गर्छन् । धर्मभक्त गंगालालसँग कानेखुसी गर्दै भन्छन्, 'होइन हो गंगाजी जिउँदोमा त यिनको आक्रोशमा नडराएका हामी, अब सालिक हुँदा डराउँछौ होला र ?

धर्मभक्तको कुरा सुनेर गंगालाल भन्छन्, 'हामी नडराएकै भएर त आज सालिक भएका छौं नि ! डराएका भए त हामी कहाँ यहाँ हुन्थ्यौं र उ ती अपराधीहरू बसेका ठाउँमा हुन्थ्यो नि ?

गंगालालको कुराले अर्का शुक्रराज खित्काउन थाल्छन् । उनको खित्कालेगंगालाललाई अलि पारा चढेछ क्यार ? शुक्रराजलाई अलि हपार्दै भन्छन्, किन हाँस्नु भो ?

शुक्रराज उत्तर दिइहाल्छन्, तपाईंका कुरा सुनेर हाँसेको ।

किन ?

त्यो सैनिकमञ्चमा दक्षिण फर्कका बसेकालाई अपराधी नामाकरण गरिदिनु भो । त्यही भएर हाँसें ।

गंगालाल भन्छन् । के मैले गल्ती गरेर ?

शुक्रराजले भने, 'के गल्ती के सही अहिले त भन्न पनि गाह्रो भएको छ ।' तपाईंलाई जत्तिकै रिस ती जुद्ध शमशेरलाई पनि उठेको रहेछ । त्यही भएर हो उनी पनि आक्रोशित भएका तपाईं हामीलाई देखेर होइन, ती जिउँदा सहिदहरूको ठाँट देखेर नै ती राणा आक्रोशित भएका हुन् !

शुक्रराज र गंगालालको गफ सुनिरहेका धर्मभक्तलाई कता कता चिसो पसेजस्तो भइरहेको छ । पूर्व फर्केर उत्तर नियालिरहेका धर्मभक्तले सोधी हाले, 'किन यो प्रसंग चलाइरहनुभएको छ ? कथा अन्तै पो मोडियो कि ?'

हो तपाईंले भनेको कुराजस्तै भयो । हामीले जे सपना देखेका थियौं त्यो सपना अहिले मोडियो । सबै आफ्नो स्वार्थ अनुकूल अगाडि बढ्न थाले । देश ओरालो लागिरहेको छ । हामीले प्राण आहूति दिएपछि पनि पटक-पटक भएका आन्दोलनमा धेरै नै प्राण दिएँ र पनि मुलुकले काँचुली फेर्न सकेन । धर्मभक्तले कुरा ओकले ।

दशरथ आज त्यत्ति बोलिरहेका छैनन् । उता त्रिपुरेश्वरबाट नियालिरहेको त्रिभुवन पनि मुसुमुसु हाँसिरहेका । जुद्ध शमशेरको निकै रौद्र रूपमा देखिएका छन् । राणाहरू सकाएर जनतालाई अधिकार सुम्पने त्रिभुवनको मन्द मुस्कानले पनि केही न केही त संकेत गरेको छ नै ।

त्रिभुवनको मन्द मुस्कानलाई भद्रकाली छेउको बूढो ठुटो रुखले आफ्ना करङहरू बजाउँदै शंखघोष गरेझै ट्वाङट्वाङ पारिरहेको छ । बूढो ठुटो रुखका कर्कसो आवाजले मौन बसिरहेका दशरथलाई अलि सहच भएन र सोधिहाले । आज तिमी किन कर्कसो भइरहेका छौं । के भो तिमीलाई उनले प्रश्न गर्छन् ?

दशरथ चन्दलाई बूढो रुखले भन्छ । म जत्तिकै बूढो यो पर्जातन्त्रको अवस्था देखेर दया लाग्यो । मत कम्तीमा अलिअलि जगल्टा फिँजाउन सक्छु । केही केही संकेत गर्न सक्छु । तिमीहरूले त ठिंग उभिनुबाहेक के नै पो गर्न सक्छौं । तिमीहरूले बगाएको रगतको मूल्य यी जिउँदा सहिदहरूले कसरी तिर्लान् ? भनेर यसो झकझकाएको मात्र हुँ । त्यसै उता जुद्ध शमशेरको आक्रोशमा यता त्रिभुवन मस्किरहेका छैनन !

सात सालमा आएको पर्जातन्त्र पर्ऽ जाऽ तन्त्र भएछ । तिमी बूढो रुख जस्तै बूढो भएछ क्यार त्यही भएर यो सैनिकमञ्चमा बूढा बूढा दुई-चार दर्जन जिउँदा सहिदहरू सेनाको सलामी खाएर मलामी जान खोजिरहेका छन् जस्तो छ । दशरथले मुटुमा लाग्नेगरी एउटा करेण्ट लगाइदिए ।

बूढो रुख अझै खुसी हुँदै भन्छ, 'हो नि दशरथ तिमीले भनेजस्तै भएको छ । जनतालाई पर्जातन्त्रप्रति कुनै उत्साह नै देखिएन । केही ठुटेहरू आफै राजा बन्न खोजे । पर्जातन्त्र सिमित व्यक्तिहरूको लागि व्यापार गर्ने थलो पो बन्दै गईरहेको छ । !

अस्ति पुस १७ गते त्रिभुवन चौरीमा घाम ताप्न आका थिए दुईमाना बदाम लिए । त्यही बेला उनले पनि त्यस्तै दुखेसो गर्दै थे । मेरा नातीले थोरै गल्ती गर्नाले आज हामीले निर्माण गरेको देश अरूले चलाइरहेको छ । अनि हामीले हिन्दूस्तानसँगको सहकार्यमा ल्याएको पर्जातन्त्रकै मलामी पो जानुपर्ने जस्तो भएको छ ।

दशरथ भन्छन्, होइन हो धर्मभक्त जी उ त्यहाँ पर हेर्नुस् त ? पर्जातन्त्रको उत्साह भनेको दुईचार जना सिपाहीले सलामी ठोकेर गर्ने हो ? जसले पर्जातन्त्र ल्याउनका लागि लड्ने सपुतहरूलाई गोलीले उडाए उनैले पो मनाउँदै छन् त पर्जातन्त्र ! कहाँ गए राजनीतिज्ञहरू ? कहाँ गए तपाईं हामीले वर्ग संघर्ष गर्न सिकाएका ती कार्जेकर्ताहरू ?

दशरथको प्रश्नको उत्तर विचरा धर्मभक्तसँग के हुन्थ्यो । त्यो उत्तर न त गंगालालसँग छ शुक्रराजसँगै थियो । उनीहरू त त्यही पर्जातन्त्र ल्याउनका लागि फाँसी चढे र आज यो दिन आयो ? तर यही दिन ल्याउनेहरू सालिक बनिरहँदा ७३ वर्षीय बूढा पर्जातन्त्र मासिने खतरा बढ्दै गयो भन्छन् नयाँ सडकबाट जुद्ध शमशेर ।

जुद्ध शमशेरको रौद्र रूप त त्यही सैनिकमञ्च भित्र दक्षिण फर्केर बसेका जिउँदा सहिदहरूका लागि पो रहेछ । जसले जनताले महसुस गर्ने र उत्लास हुनेगरी पर्जातन्त्र ल्याउन नै सकेनन् । पर्जातन्त्र त यिनीहरूका लागि कमाइ खाने भाँडो पो भएछ त ?

यता चारजना सहिदहरू सैनिक मञ्चमा बसेका बज्रस्वाँठहरूलाई धारे हात लगाउँदै छन् । उताबाट त्रिभुवनले त्रिपुरेश्वरबाट नै देश साइँदुवाहरू भनेर गाली पो गर्दछन् । विचरा पर्जातन्त्र जस्तै ७३ बर्षे बूढा रुख आफ्ना जगल्टा नभएका करंगहरू बजाउँदै सचेत गराउँदै छन् ।

तर पर्जातन्त्रको ढोङ पिट्नेहरू सैनिकको हेलिल्याडबाट खसाएको पुष्पवृष्टिमा दंग पर्दै सेनाको टुकडीले बजाएको बाजामा रमाउँदै आफ्नै भाग्यमा खरानी धस्दै जनतालाई आतंकित पो पार्दै छन् । बूढो पर्जातन्त्रलाई पुष्पाञ्जलीसँग तिलाञ्जली दिँदै छन् । चार सहिदमात्र होइन जुद्ध शमशेर र त्रिभुवन पनि यिनका चर्चिकलाबाट दिक्क भएर गहभरी आँशु पो बगाउँदै छन् अब कहिल्यै नआओस् फागुन ७ भनेर । दिक्क दिक्क दिक्क पर्जातन्त्र ।




**प्रजातन्त्र दिवस** | ७४औं प्रजातन्त्र दिवसको अवसरमा बागलुङ बजारमा सोमबार निकालिएको प्रभातफेरी । *तस्बिरः खेमराज गौतम/रासस*

# चिसोमा बन्द ढोरपाटन उपत्यकाका विद्यालय सञ्चालनमा

**ढोरपाटन (बागलुङ)**- अत्यधिक चिसो बढेपछि बन्द भएका बागलुङको ढोरपाटन उपत्यका क्षेत्रका विद्यालय सञ्चालनमा आएका छन् । गत पुस १५ गतेदेखि बन्द भएका विद्यालय फागुन पहिलो सातादेखि सञ्चालनमा आएका हुन् । विद्यालय सञ्चालनमा आए पनि चिसोका कारण विद्यार्थी तथा शिक्षक बिरामी परेका छन् । विद्यार्थी बिरामी परेपछि पठनपाठनमा समस्या आएको छ । हरेक वर्ष हिउँदमा बन्द हुने ढोरपाटन उपत्यका क्षेत्रका विद्यालय वर्षामा भने सञ्चालन हुने गर्छन् ।

ढोरपाटन नगरपालिका-९ स्थित पाखाथरको ज्योति विकास माध्यमिक विद्यालय, छेन्तुङको सिद्धबराह प्राथमिक विद्यालय, सहलथानस्थित सहलथान प्राथमिक विद्यालय, दिजाको बाल ज्योति प्राथमिक विद्यालय, मसस्थित ढोरपाटन दुर्गम प्राथमिक विद्यालय र स्यालपाखेस्थित ढोरबहारा प्राथमिक विद्यालय गत पुस १५ गतेदेखि बन्द भएका थिए । जनवादी आधारभूत विद्यालय भने घुम्ती पढाइका लागि ढोरपाटन नगरपालिका-९ बोबाङमा झरेको थियो ।

ढोरपाटन उपत्यकामा विद्यालय स्थापना भएर सञ्चालनमा आएदेखि हिउँदको डेढ महिना चिसोका कारण बन्द हुने गरेको पाखाथरस्थित ज्योति विकास माध्यमिक विद्यालयका प्रधानाध्यापक चकबहादुर अदैले बताए । ढोरपाटनमा अत्यधिक चिसो हुने हुँदा पुस र माघ महिनामा पठनपाठन गर्न नसकिने भन्दै अहिले विद्यालय सञ्चालनमा आए विद्यार्थी र शिक्षक बिरामी परेको उनको भनाइ छ । विद्यार्थीको आँखाबाट आँशु बगिरहने, रुघाखोकी लाग्ने, ज्वरो आउने गरेको भन्दै शिक्षकमा पनि त्यो समस्या देखिँदा पठनपाठन प्रभावकारी बन्न नसकेको उनी बताउँछन् ।

जाडो बिदा भएपछि बेंसी झरेका बालबालिका एक्कासी ढोरपाटन आएर पठनपाठन गर्दा बिरामी परेको अदैको भनाइ छ । जाडोकाबेला लेक (ढोरपाटन) मा भन्दा बेंसी (बोबाङ, अधिकारीचौर) क्षेत्रमा कम चिसो हुने हुँदा अधिकांश बालबालिका बेंसी झर्ने गरेको उनले बताए ।

ढोरपाटन उपत्यकाका विद्यालय बन्द हुँदा बेंसी झरेका विद्यार्थीले पाइक पर्ने विद्यालयमा गएर पढ्नेसमेत गरेको प्रधानाध्यापक अदैको भनाइ छ । आफ्नो विद्यालयमा १८१ विद्यार्थी रहेकामा अहिले १५० मात्रै आएको उनले बताए ।

अदैले भने, 'दिउँसोमा जाडो केही कम छ, तर बिहान र साँझ निकै चिसो छ, बेंसीबाट आएका धेरै बालबालिकाको स्वास्थ्यमा समस्या देखिएको छ, शिक्षक पनि बिरामी पर्नुभएको छ, वर्षौंदेखि यस्तै समस्या भोग्दै आएका छौं, मध्य पुसमा बन्द गर्नुपर्‍यो, फागुनमा सञ्चालन गर्नुपर्‍यो, दुर्गम क्षेत्रका विद्यालयमा राज्यले अन्य सुविधा दिनुपर्ने हो तर केही सुविधा छैन, बालबालिकाले निकै दुःख पाएका छन् ।'

ढोरपाटन नगरपालिकाका शिक्षा शाखा प्रमुख ज्ञानेन्द्र सापकोटाले लामो समयदेखि हिउँदमा बन्द गर्ने र वर्षामा खुल्ने नीति रहेको हुँदा सोहीअनुसार ढोरपाटन उपत्यका क्षेत्रका विद्यालय सञ्चालन गरिँदै आएको बताए । हिउँदमा चिसो हुने र विद्यार्थी कठ्यांग्रिएर पढ्न नसक्ने हुँदा बिदा गरिने भन्दै वर्षामा भने बिदा नहुने उनको भनाइ छ ।

जनवादी आधारभूत विद्यालय भने बाह्रै महिना सञ्चालन हुने गरेको सापकोटाले बताए । यस विद्यालयको बोबाङमा पनि भवन रहेको हुँदा हिउँद वर्षामा पढाई हुने उनको भनाइ छ । ढोरपाटन उपत्यका क्षेत्रका विद्यालयमा ३०० बढी विद्यार्थी अध्ययनरत रहेको सापकोटले जानकारी दिए ।

'हिउँ परेको छैन, चिसो त चिसो नै छ, यद्यपि विद्यालय फागुन १ गतेदेखि खुलेका छन्, यो अहिलेदेखि सुरु गरेको होइन, धेरै वर्ष भयो, विद्यालयका भौतिक संरचना व्यवस्थित बनाउँदै शिक्षालाई गुणस्तरीय बनाउँदै गएका छौं, विद्यार्थीको समस्या छ, जाडो छ, गतिलो कपडा छैन, यसमा माथिल्लो निकायले पनि ध्यान दिन जरुरी छ,' उनले भने, 'विद्यालयमा तह पनि थपिरहेका छौं, यस वर्षदेखि पाखाथरको ज्योति विकास आधारभूत विद्यालयलाई माध्यमिक तहमा स्तरोन्नति गरिएको छ, यस वर्षदेखि कक्षा ९ को पढाइ सुरु भएको छ, अर्को वर्ष १० कक्षा पनि सञ्चालन हुने छ ।' *रासस*

# 'प्रदेशलाई संस्थागत र बलियो बनाउनुको विकल्प छैन'

**कैलाली (प्रस)**- सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेशलाई संस्थागत र बलियो बनाउनुको विकल्प नरहेको बताएका छन् । सुदूरपश्चिम प्रदेश सरकारले सोमबार धनगढीमा आयोजना गरेको 'राष्ट्रिय प्रजातन्त्र दिवस-२०८०' प्रदेश स्तरीय मूल समारोह कार्यक्रममा उनले प्रदेशलाई संस्थागत बनाउनुपर्ने बताए ।

'प्रदेश संघीयताको शासन व्यवस्था अनुसार स्थापना भएका हुन् । यसलाई बलियो र संस्थागत बनाउनुको विकल्प छैन । जतिसुकै समस्या र चुनौती भए पनि प्रदेश सरकारले सुशासनसहित समृद्धिलाई मूल लक्ष्य बनाएर अघि बढिरहेको छ,' मुख्यमन्त्री शाहले भने । संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई अंगीकार गरेको भन्दै उनले गणतन्त्रात्मक व्यवस्थामा नागरिकको जीवन पद्दति र शैलीमा पनि परिवर्तन ल्याउनुपर्ने बताए ।

'दिगो शान्ति, समृद्धि र विकासप्रतिको नागरिकको आकांक्षा पूरा गरी सामाजिक न्याय र नागरिकको जीवनमा गुणस्तरीय परिवर्तनका लागि संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नका लागि सहयोग गर्न सबैलाई आग्रह गर्दछु,' मुख्यमन्त्री शाहले भने । संविधानले तीनै तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा विकसित हुने कुरालाई प्रमुख प्राथमिकतामा राखेको उनले बताए ।

संविधानको मर्म र भावनाअनुसार तीनै तहबीचको समन्वयात्मक सम्बन्धको सिद्धान्तलाई व्यावहारिक रूप दिन प्रदेश सरकार सधैं प्रतिबद्ध रहेको मुख्यमन्त्री शाहले जानकारी दिए । प्रदेश सरकार जनतालाई अनुभूति हुने गरी विकासका कामलाई गुणस्तरीय ढंगले अगाडि बढाउन, सरल र प्रभावकारी रूपमा सेवाप्रवाह गर्ने दिशामा प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

'विभिन्न चुनौतीकाबीच प्रदेश सरकारले काम गरिरहेको छ । भौगोलिक कठिनाइ, गरिबी, बेरोजगारी, शिक्षा, स्वास्थ्य तथा सेवा प्रवाहमा समस्या छन्,' मुख्यमन्त्री शाहले भने, ' भौतिक पूर्वाधारको कमी, सीमित स्रोत साधनलगायतका समस्या र चुनौतीका कारण प्रदेश सरकारले जनताका अपेक्षाअनुसार काम गर्न सकेको छैन ।' जनताका अपेक्षाअनुसार काम गर्नेतर्फ सरकार अगाडि बढिरहेको उनको भनाइ थियो ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेश प्रमुख देवराज जोशी, प्रदेशका सभामुख भीमबहादुर भण्डारी, प्रदेशका मन्त्रीहरू, प्रदेशसभा सदस्य लगायतको उपस्थिति थियो ।

# हुम्लामा खाद्यन्न पर्याप्त

**सिमकोट (हुम्ला)**- सधैं खाद्यन्न अभाव झेलिरहेको हिमाली जिल्लामा हुम्लामा यो पटक भने खाद्यान्न पर्याप्तमा मात्रमा रहेको छ । कहिले ठेक्का सम्झौता ढिला हुँदा त कहिले ठेकेदार कम्पनीको ढुवानी लापरबाहीका कारण जिल्लावासीले खाद्यन्न अभाव झेल्दै आउनुपरेको थियो । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका शाखाका प्रमुख कृष्ण अधिकारीका अनुसार आर्थिक वर्ष २०८०/८१ लागि स्वीकृत भएको १४ हजार क्विन्टल चामल निरन्तर ढुवानी भएकाले खाद्यन्नको अभाव हटेको हो ।

दैनिक फिस्टेल हेलिकोप्टरले चामल ढुवानी गरिरहेको छ । लिमिटेडको शाखा हुम्लामा रहेका दुई गोदाममध्ये एक गोदाम भरिएको र अर्को गोदाम केही दिनमा भरिने अवस्थामा रहेको उनको भनाइ थियो । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLAVOURS CASTLE BUFFET FOR FAST FOOD

पूर्व स्वीकृति मिति : २०८०/११/०६ | LT. No. 300298 | चलानी नं. ६०२१५१७१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५३,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/११/०८)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी तपाईंलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

### तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | धितोको विवरण |
|---|---|---|---|
| **१. राम कलेक्सन**<br>प्रा.फ.र.न : १०५२/७७६७<br>ठेगाना : बिर्तामोर्ड न.पा. ०४, झापा<br>**कर्जा शीर्षक : विविध कर्जा** | **१. ओम प्रकाश वर्मा**<br>ना.प्र.नं. : ९७७३११०३<br>जारी मिति : २०४६/०३/०५<br>जि.प्र.का. : झापा<br>बाबु : हरसुक वर्मा<br>बाजे : तनसुक वर्मा | **२. राकेश वर्मा**<br>ना.प्र.नं. : ०१२८३१०१<br>जारी मिति : २०५४/०८/३०<br>जि.प्र.का. : झापा<br>बाबु : ओम प्रकाश वर्मा<br>बाजे : हरसुक वर्मा | ओम प्रकाश वर्माको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. २४ (२२५.१५ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **२)**<br>**क) मन्दिस ग्रिल उद्योग**<br>प्रा.फ.नं. : ६२८/७८१२<br>ठेगाना : सुनवल न.पा. ०५, नवलपरासी<br>**ख) मन्दिस सप्लायर्स**<br>प्राइभेट फर्म दर्ता नं. : ०१७८-७-२०७८/७९<br>ठेगाना : सुनवल न.पा. ०५, नवलपरासी<br>**ग) दिवा ब्यूटी पार्लर**<br>प्रा.फ.दर्ता नं. : ४१/२०७८/०७९<br>ठेगाना : सुनवल न.पा. ०५, नवलपरासी | **१. अन्जली थापा**<br>ना.प्र.नं. : ४२२०२९/८३<br>जारी मिति : २०६७/०४/०६<br>जि.प्र.का. : स्याङ्जा<br>पति : निम बहादुर थापा<br>ससुरा : टेक बहादुर थापा<br><br>**४. टेक बहादुर थापा**<br>ना.प्र.नं. : १०२७<br>मिति : २०४६/१०/२५<br>जि.प्र.का. : स्याङ्जा<br>बाबु : खिम बहादुर थापा<br>बाजे : भागीरथ थापा | **२. हुम कुमारी थापा**<br>ना.प्र.नं. : ५/७१३<br>जारी मिति : २०४६/१२/२५<br>जि.प्र.का. : स्याङ्जा<br>पति : टेक बहादुर थापा<br>ससुरा : खिम बहादुर थापा<br><br>**५. देवी थापा**<br>ना.प्र.नं. : २०२९/६८८<br>जारी मिति : २०७१/०१/१२<br>जि.प्र.का. : स्याङ्जा<br>बाबु : टेक बहादुर थापा<br>बाजे : खिम बहादुर थापा | **३. निम बहादुर थापा**<br>ना.प्र.नं. : २२३१४<br>जारी मिति : २०६२/१०/०४<br>जि.प्र.का. : स्याङ्जा<br>बाबु : टेक बहादुर थापा<br>बाजे : खिम बहादुर थापा |

**धितोको विवरण**

१. अन्जली थापाको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाठी गा.वि.स./न.पा. वडा नं. ५ (च) स्थित कि.नं. १२०५ (०-०-१०-० विगाहा) र कि.नं. २९०७(०-०-१४-२ विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

२. हुम कुमारी थापाको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाठी गा.वि.स./न.पा. वडा नं. ५ (च) स्थित कि.नं. ८८१ (०-१-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

३. यस बैंकको नाममा दर्ता रहेका तपसिल बमोजिमको सवारी साधन :
कम्पनीको नाम : डेम्लर ई लि
सवारीको मोडेल : Bharat Benz 2523C
निर्माण वर्ष : २०२१
च्यासिस नं. : MEC2411BJMP110971
ईन्जिन नं. : 400950D0114273
सवारी दर्ता नं. : प्र-२-०३-००१ ख ६५१७

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **३. गगन सिंह बोगटी**<br>ना.प्र.नं. : ७२५३२<br>जारी मिति : २०६३/०७/१०<br>जि.प्र.का. : कैलाली<br>ठेगाना : घोडाघोडी न.पा. ०८, कैलाली<br>बाबु : चक्र बहादुर बोगटी<br>बाजे : रन सिंह बोगटी | **१. चक्र बहादुर बोगटी**<br>ना.प्र.नं. : ६९२८०७७०<br>मिति : २०३५/१२/१०<br>जि.प्र.का. : कैलाली<br>बाबु : रन सिंह बोगटी<br>बाजे : जय सिंह बोगटी | **२. भामसरा बोगटी**<br>ना.प्र.नं. : १९८८/४६४९<br>मिति : २०४५/०४/०७<br>जि.प्र.का. : कैलाली<br>पति : चक्र बहादुर बोगटी<br>ससुरा : रन सिंह बोगटी | **३. नन्दा देउवा**<br>ना.प्र.नं. : ५२४१५<br>मिति : २०६०/०१/३१<br>जि.प्र.का. : कैलाली<br>पति : गगन सिंह बोगटी<br>ससुरा : चक्र बहादुर बोगटी |

**धितोको विवरण**

१. भामसरा बोगटीको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, सांढेपानी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. १४४२ (०-११-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

२. चक्र बहादुर बोगटीको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, सांढेपानी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. २७६ (०-४-१०-० विगाहा) र कि.नं. २७५ (०-४-१०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **४. सेलवाल सप्लायर्स**<br>प्रा.फ.र.न : ३७१/२९३८<br>ठेगाना : अनारमनी ०४, झापा<br>**कर्जा शीर्षक : डिमाण्ड कर्जा** | **१. मदन सेलवाल**<br>ना.प्र.नं. : ०४१०२३/४६८<br>जारी मिति : २०६५/०७/१८<br>जि.प्र.का. : झापा<br>बाबु : हरि प्रसाद सेलवाल<br>बाजे : राम प्रसाद सेलवाल<br><br>**४. जानुका देवी सेलवाल**<br>ना.प्र.नं. : ९९०१३४६४<br>जारी मिति : २०६०/०८/०८<br>जि.प्र.का. : झापा<br>पति : हरि प्रसाद सेलवाल<br>ससुरा : राम प्रसाद सेलवाल | **२. रुपा सेलवाल**<br>ना.प्र.नं. : ०४-०१-७१-०९१४२<br>जारी मिति : २०७१/०८/१६<br>जि.प्र.का. : झापा<br>पति : मदन सेलवाल<br>ससुरा : हरि प्रसाद सेलवाल | **३. हरि प्रसाद सेलवाल**<br>ना.प्र.नं. : ९९०१०१६२<br>जारी मिति : २०३६/०९/२५<br>जि.प्र.का. : झापा<br>बाबु : राम प्रसाद सेलवाल<br>बाजे : हेमलाल सेलवाल |

**धितोको विवरण**

१. हरि प्रसाद सेलवालको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला पृथ्वीनगर गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ३५ (३७६० व.मी.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

२. मदन सेलवालको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला पाराखोपी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ७५१४(८४.६६ व.मी.) र कि.नं. ७५१७(१०५.८१ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | धितोको विवरण |
|---|---|---|
| **५. शुसीला कुमारी सिलुवाल**<br>ना.प्र.नं. : ३२४३०<br>जारी मिति : २०५७/०३/०१<br>जि.प्र.का. : लमजुङ<br>ठेगाना : बेसीशहर ०१, लमजुङ<br>पति : मिलन बहादुर सिलुवाल<br>ससुरा : लिला बहादुर सिलुवाल<br>**कर्जा शीर्षक : धितो कर्जा** | **मिलन बाबु सेलवाल**<br>ना.प्र.नं. : १५३९७<br>जारी मिति : २०५०/११/२५<br>जि.प्र.का. : लमजुङ<br>बाबु : लिला बहादुर सिलुवाल<br>बाजे : चन्द्र कान्त सिलुवाल | शुसीला कुमारी सेलवालको नाममा लमजुङ जिल्ला मालपोत कार्यालय लमजुङमा दर्ता कायम रहेको लमजुङ जिल्ला उदिपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ६८७(०-०-३-१ रोपनी) र कि.नं. ६८५७ (०-३-०-३ रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **६. न्यु सिता खाजा घर**<br>प्रा.फ.दर्ता : ९५६६-११-२०७८/७९<br>ठेगाना : नेपालगञ्ज उ.म.न.पा. ०६, बाँके<br>**कर्जा शीर्षक : आवधिक कर्जा** | **१. सीता भारती**<br>ना.प्र.नं. : १३५२१<br>जारी मिति : २०६१/११/१२<br>जि.प्र.का. : बाँके<br>पति : नुत्लम भारती<br>ससुरा : शिव भारती<br><br>**३. पम्फा देवी भारथीनी**<br>ना.प्र.नं. : ६/६/४/०/०/०/६/४/४<br>जारी मिति : २०३७/३/१३<br>जि.प्र.का. : बाँके<br>पति : शिव भारथी<br>ससुरा : बलदेव भारथी | **२. शिव भारथी**<br>ना.प्र.नं. : ६/६/४/०/०/०/६५/३/२१०७८<br>जारी मिति : २०३७/०३/१३<br>जि.प्र.का. : बाँके<br>बाबु : बलदेव भारथी<br>बाजे : मन्नु भारती<br><br>**४. नुत्तम भारती**<br>ना.प्र.नं. : ७७०९<br>जारी मिति : २०५८/०४/११<br>जि.प्र.का. : बाँके<br>बाबु : शिव भारती<br>बाजे : बलदेव भारती |

**धितोको विवरण**

सीता भारतीको नाममा बाँके जिल्ला मालपोत कार्यालय नेपालगञ्ज,, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला नेपालगञ्ज गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ७५ (१८२.८२ व.मी.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेलः info@nimb.com.np, वेबसाइटः www.nimb.com.np

प्रभाव दैनिक

रूपशाला

## सेरेङको 'कलाका अन्तर्मन' सार्वजनिक

कवि तथा गीतकार कला सेरेङको कविता तथा गीति संग्रह 'कलाका अन्तर्मन' सार्वजनिक भएको छ । काठमाडौंमा आयोजित कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले कृति सार्वजनिक गरे । दुई दशकदेखि कर्मथलो हङकङमा बस्दै आएकी सेरेङको यो पहिलो कृति हो । पुस्तकभित्र ११५ शीर्षकका गीत तथा कविता छन् । पुस्तकबारे बोल्दै कुलपति राईले सेरेङको कविताबाट ऊर्जा मिल्ने बताए । विनोद चोङबाङले संयोजन गरेको पुस्तकमा डा. दिलकुमार हाङसुरूङ लिम्बू र नरेन नुगो लिम्बूले भूमिका लेखेका छन् । सेरेङको 'अतीतका यादहरु' गीति भिडियोमा बीबी अनुरागीले संगीत दिएका छन् भने गायिका अञ्जु पन्तको स्वर छ ।



मंगलबार ८, फागुन २०८० (Tuesday, February 20, 2024)

# फिल्मको माध्यमबाट नेपालमा पर्यटक बढाउनुपर्छ : भुवन केसी

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले फिल्मको माध्यमबाट नेपालमा पर्यटक बढाउनुपर्ने बताएका छन् ।

आइतबारदेखि सुरु भएको प्रथम राष्ट्रिय भेला तथा चलचित्र पत्रकारिता कार्यशाला सोमबार मकवानपुरमा बोल्दै उनले यस्तो बताएका हुन् । उनले नेपाली फिल्मबाट नै नेपालका मनमोहक दृश्यहरूलाई विश्वसामु देखाउन सक्नुपर्ने बताए । उनले मुस्ताङ, मनाङ लगायतका स्थानमा नेपाली चलचित्र कैद गरेर प्रदर्शन गर्दा आन्तरिक र बाह्य पर्यटकहरू बढाएको बताए । उनले नेपाली चलचित्रलाई विश्वमाझ पुऱ्याउने चुनौती अबका दिनमा नेपाली चलचित्रकर्मीहरूसँग रहेको बताए । उनले विदेशी दर्शकलाई पनि टार्गेट गरेर आगामी दिनमा चलचित्र निर्माण गर्नुपर्ने बताए ।




कार्यक्रममा अभिनेत्री केकी अधिकारीले सिनेमा पर्यटनलाई विशेष जोड दिन आवश्यक रहेको बताइन् । उनले सिनेमामा नेपाली सौन्दर्यताहरू कैद गरेर ती दृश्यहरू प्रस्तुत गर्दा आन्तरिक र बाह्य पर्यटकहरू बढेको बताइन् । उनले नेपालका प्राकृतिक सौन्दर्यतासँगै नेपाली चलचित्रका लागि आन्तरिक सम्भावना भएका ठाउँलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक रहेको बताइन् । स्थानीय तहले नै यसबारेमा बढी ध्यान दिन आवश्यक रहेको उनले बताइन् ।

कार्यक्रममा अभिनेता तथा निर्देशक निश्चल बस्नेतले दिमाग खराबको रिभ्युमा रंगपत्रकारहरूले गरेको रिभ्युमा आक्रोश व्यक्त गरे । फिल्म पत्रकारले फिल्मको बारेमा भन्दा बढी फलानो पार्टीलाई पोस्न फिल्म बनाइयो भन्ने किसिमको रिभ्यु लेखेको भन्दै आक्रोश जनाए । फिल्मलाई फिल्मको नजरबाट हेर्न आवश्यक रहेको उनले बताए ।

# 'डिग्री माइला'को टिजर रिलिज

**काठमाडौं (प्रस)–** रामबाबु गुरुङ निर्देशित 'डिग्री माइला'को टिजर रिलिज भएको छ । सार्वजनिक टिजरमा शीर्ष पात्र 'डिग्री माइला' बनेका दयाहाङ राईलाई क्याम्पस व्यवस्थापन समितिले अंग्रेजी शिक्षकका लागि अंग्रेजीको दख्खलता परीक्षण लिइएको देखाइएको छ ।



टिजरमा दयाहाङलाई आँचलसँग गीतमा रोमान्टिक हुँदै गरेको देख्न सकिन्छ । यस्तै उनले टिजरको अन्त्यमा दयाले आफ्ना बाबुलाई आफूले चौधरी ग्रूपले मासिक ४ लाखको जागिर प्रस्ताव लत्याएको भनेर भनेको दृश्यसमेत समावेश गरिएको छ । बाँसुरी फिल्मस्को ब्यानरमा निर्माण भएको यो फिल्मले थर्ड डिभिजनमा मास्टर डिग्री पास गरेका एक शैक्षिक बेरोजगारको कथा पेस गर्छ । यही नाममाथि अभिनेता दयाहाङको निर्देशनमा केही वर्षअगाडि नाटकसमेत प्रदर्शन भइसकेको छ। फिल्म सोही नामको नाटकमा आधारित रहेको छ ।

बाँसुरी फिल्मस्ले कबी फिल्मस्ले तथा सुस्मा फिल्मस्सँग मिलेर फिल्मको निर्माण गरेको हो। फिल्म दयाहाङका अलावा आँचल शर्मा, विजय बराल, माओत्से गुरुङ, बुद्धि तामाङ, प्रकाश घिमिरेलगायतको अभिनय छ। फिल्ममा नेमिश श्रेष्ठको सम्पादन तथा रोहित शाक्यको ब्याकग्राउण्ड म्यूजिक रहेको छ । फिल्म शिवराम श्रेष्ठ तथा राइली एस शिनले खिचेका हुन् ।

# संगीतमै बित्छ राजशुक्रको दिनचर्या

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक तथा संगीतकार राजशुक्र लिम्बू हिजोआज गीत रेकर्डिङसँगै कार्यक्रमहरूमा व्यस्त छन् । मेला महोत्सवको लहर चलेसँगै उनी सांगीतिक कार्यक्रममा व्यस्त भएका हुन् । बिहान उठेदेखि नसुतेसम्म उनको दिनचर्या संगीतमै बित्छ ।

'नझार आँशु विदाईको बेला'जस्ता चर्चित पुर्वेली गीतका गायक राजशुक्रले हालैमात्र पूर्वका विभिन्न जिल्लामा सांगीतिक प्रस्तुती दिएर काठमाडौं फर्किएका हुन् । नयाँ गीत रेकर्डिङको सिलसिलामा काठमाडौं आएका उनले भने, 'केही गीतहरू रिलिज गर्नुपर्ने भएकाले काठमाडौं आएको हुँ । गीत रिलिज गरेपछि पुर्व जान्छु ।'

उनका 'चोखो माया गर्छु तिमीलाई', 'गर्नु मन छ प्यार' र 'पहिलो भेटमा कान्छी'लगायत लिम्बू संस्कृतिमूलक गीत -पालाम) रिलिज हुँदैछ । यी गीतहरू रिलिजका लागि तयारी भइरहेको उनले बताए । रिलिजका क्रममा रहेका गीतका राजशुक्रकै स्वर तथा संगीत रहेको छ ।

दुई दशकदेखि नेपाली सांगीतिक क्षेत्रमा निरन्तर योगदान दिँदै आएका गायक राजशुक्रले भने, 'अहिले मेला महोत्सवको मौसम भएकाले अरु कार्यक्रमहरूका लागि पनि कुरा भइरहेको छ । तर, आफ्नो गीत सार्वजनिक गर्नुपरेकाले भ्याइरहेको छैन ।'

साथै, जिल्ला स्तरिय सांगीतिक रियालिटी शोहरूमा निर्णायकको भूमिका निर्वाह गर्दै आएको उनले बताए । उनले भने, 'तीबाहेक स्टेज कार्यक्रमलाई पनि प्राथमिकता दिँदै आएको छु ।'

गायक राजशुक्रले सांगीतिक क्षेत्रमा लागेपछि विभिन्न मान सम्मान तथा अवार्डहरूसमेत पाइसेकका छन् । उनले 'पुर्वेली लोक जुहारी अवार्ड', 'सेलो गीत अवार्ड'लगायत जिल्ला स्तरिय सम्मानहरू पनि पाएका छन् । जसमा 'धनकुटा प्रतिभा पुरस्कार कोष'अन्तर्गत 'कला सम्मान-२०७२'लगायत रहेको छ । दर्शक तथा श्रोताको माया र हौसलासँगै यस्ता सम्मानबाट कलाकारलाई थप उत्साह मिल्ने उनी बताउँछन् । '



मानसम्मान पनि कलाकारको सम्पति हो' उनी भन्छन्, 'जसले कलाकारलाई काम गर्ने थप हौसला र प्रेरणा मिल्छ ।'

गायक राजशुक्र दर्शक तथा श्रोतालाई भगवान सरह मान्छन् । उनी भन्छन्, 'हामी कलाकारका लागि दर्शक/भगवान हुन् । दर्शक तथा श्रोताकै कारण यो स्थानमा छु ।' आफ्ना भगवान रूपी दर्शकको मन बुझाउनकै लागि सांगीतिक कार्यक्रमहरूमा पुग्ने गरेको उनको भनाइ छ ।

करिब एक सय गीतमा स्वर दिइसकेका राजशुक्रले झण्डै तीन सय गीतमा संगीत गरिसकेका छन् । तर, उनी गायनलाई प्राथमिकता दिन्छन् । उनी भन्छन्, 'पछिल्लो चरणमा भिडियो निर्माणको लहर चलेकाले कतिपय मेरो राम्रा गीतहरू बाहिर ल्याउन सकेको छुइनँ ।' उनले गाएका 'चोखो माया लाउँछु तिम्लाई', 'सम्झना राखी', 'देउलिङ्गे मेला' 'हुर्रा हाहा', 'चासोक तङनाम', 'सम्हालेर राख है जवानी', 'तिमीबिना पनि एक्लै' जस्ता गीतहरू दर्शक तथा श्रोताले अत्याधिक रुचाएका छन् ।



# नेपालले भारतमा त्रिकोणात्मक टि-ट्वान्टी सिरिज खेल्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतको रणजी ट्रफी खेल्ने टिमसँग नेपालले त्रिकोणात्मक टी-ट्वान्टी सिरिज खेल्ने भएको छ ।

नेपाल क्रिकेट संघ क्यानले सोमबार भारतीय टिमसँग नेपालले खेल्ने टी-ट्वान्टी सिरिजको मिति सार्वजनीक गरेको हो ।

नेपालले गुजरात र बरोडासँग त्रिकोणात्मक टी ट्वान्टी सिरिज खेल्नेछ । सिरिजका सबै खेल गुजरातमा हुनेछ । मार्च २१ मा गुजरातविरुद्ध खेल्दै नेपालले टी ट्वान्टी सिरिजको सुरुवात गर्नेछ । डबल राउण्ड रोबिनका आधारमा शीर्ष दुई टिमले अप्रिल ७ मा फाइनल खेल्नेछन् ।

क्यान म्यानेजर बिनोद दासले भारतको रणजी ट्रफी खेल्ने टिमसँग नेपालको राष्ट्रिय टिमले सिरिज खेल्न लागेको बताए । 'नेपालको राष्ट्रिय टिमलेनै सिरिज खेल्ने हो । भारतको रणजी ट्रफी खेल्ने टिमसँग नेपालले सिरिज खेल्नेछ,' दासले भने ।

रणजी ट्रफी भारतको प्रिमियर घरेलु पहिलो क्लासको क्रिकेट प्रतियोगिता हो । जुन प्रतियोगिता भारतीय क्रिकेट बोर्डले हरेक वर्ष आयोजना गर्ने गर्छ । जसमा क्षेत्रीय र राज्य स्तरका क्रिकेट टिम सहभागी हुने गर्छन् ।

नेपालले खेल्न लागेका गुजरात र बरोडा दुवैले भारतमा रणजी ट्रफी खेल्दै आएका छन् । नेपालले भारतीय टिमसँग यसअघि मैत्रीपूर्ण सिरिजको प्रयास गर्दै आएको थियो । फ्रेन्ड्ससिप कप नाम दिईएको यो सिरिज क्यानको पहलमा सम्भव भएको हो ।

भारतीय क्रिकेटसँग जोडिन नेपालले यसअघिदेखिनै प्रयास गर्दै आएको थियो । भारतीय टिमसँग उसैको मैदानमा सिरिज खेल्ने प्रस्ताव नेपालले राख्दै आएको थियो ।

भारत विश्व क्रिकेटको शक्तिशाली राष्ट्र हो । भारतीय टिमसँग खेलिने सिरिजले नेपाली क्रिकेटको विकास र खेलाडीको एक्सपोजरमा महत्त्वपुर्ण योगदान पुग्ने विश्वास क्यानको छ ।

# २८ विगाहा राइनो गोल्डकपको फाइनलमा

**नवलपुर (प्रस)–** २८ विगाहा क्लब नवलपुरमा जारी राईनो गोल्डकप फुटबलको फाइनलमा प्रवेश गरेको छ ।

सोमबार भएको दोस्रो सेमिफाइनलमा फोर ब्रोदर्सलाई १-० गोल अन्तरले हराउँदै २८ विगाहा फाइनल प्रवेश गरेको हो ।

२८ विगाहाको जितमा समिर तामाङले खेलको ८५ औं मिनेटमा विजयी गोल गरे । अन्जल महर्जनले खेलको म्यान अफ दी म्याच चुनिए । २८ विगाहाले उपाधिका लागि अब गण्डकी प्रदेशसँग प्रतिस्पर्धा गर्नेछ ।



राईनो क्लब मध्यबिन्दु नवलपुरको आयोजनामा सञ्चालित प्रतियोगितामा १२ टिम सहभागी छन् । प्रतियोगिताको विजेताले उपाधिसहित नगद ८ लाख हात पार्नेछ भने उपविजेताले ४ लाख प्राप्त गर्नेछ ।

## एनआरटीलाई हराउँदै मच्छिन्द्र फाइनलमा

**हेटौंडा (प्रस)–** मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगितामा मछिन्द्र क्लब फाइनल प्रवेश गरेको छ । सोमबार बागमती-८ स्थित जनता माविको खेल मैदानमा भएको पहिलो सेमिफाइनल खेलमा न्यरोड टिम एनआरटीलाई ५-१ गोलले हराउँदै मछिन्द्र फाइनलमा प्रवेश गरेको हो । मछिन्द्रको जीतमा हिसुव थपलिया र विदेशी खेलाडी स्टेफेन समीरले दुई-दुई तथा विमल घर्ती मगरले एक गोल गरे ।

खेलको नवौं मिनेटमा थपलियाको गोलमार्फत सुरुवाती अग्रता बनाएको मछिन्द्रका लागि स्टेफेनले १३ औं मिनेटमा र ४६ औं मिनेटमा गोल गरेका थिए । खेलको दोस्रो हाफको १४ औं मिनेटमा थपलियाले व्यक्तिगत दोस्रो गोल गरे । यस्तै घर्तीमगरले ९१ औं मिनेटमा मछिन्द्रका लागि पाँचौं गोल गरेका थिए । एनआरटीका लागि खेलको दोस्रो हाफको १५ औं मिनेटमा विदेशी खेलाडी सेवेले गोल गरेका थिए ।

**आइसिसी विश्वकप लिग-२**

# नेदरल्यान्ड्सद्वारा नामिबिया पराजित

**काठमाडौं (प्रस)–** आइसिसी विश्वकप लिग-२ क्रिकेट अन्तरगत तेस्रो खेलमा नेदरल्यान्ड्सले नामिबियालाई ७ विकेटले पराजित गरेको छ। नामिबयाले प्रस्तुत गरेको १ सय २४ रनको लक्ष्य नेदरल्यान्ड्सले २७.२ ओभरमा ३ विकेटको क्षतिमा पछ्यायो ।

नेदरल्यान्ड्सका लागि ओपनर माइकल लेभिटले सर्वाधिक ५७ रनको योगदान दिए । उनले ८१ बलमा ८ चौका र २ छक्का प्रहार गरे । त्यस्तै, म्याक्स ओ डाओडले २८ रनको योगदान दिए । उनले २ चौका र २ छक्का हिर्काए । बास डी लिडेले २१ रन बनाए ।

यसअघि आर्यन दत्तले घातक बलिङ गर्दै ६ विकेट लिएपछि नामिबिया ३५.१ ओभरमा १ सय २३ रन बनाउँदै अलआउट हुन पुगेको थियो । दत्तले ९ ओभर बलिङ गर्दै ३४ रन खर्चेर ६ विकेट लिए ।

नामिबियाका लागि जोनाथन स्मिथले सर्वाधिक २६ रनको योगदान दिए । उनले एक चौका र २ छक्का हिर्काए । त्यस्तै, रुबेन ट्रम्पलम्यानले ३९ बलमा २० रन बनाए । उनले एक छक्का प्रहार गरे ।



विकेटकिपर जेन ग्रिनले १९ रन बनाउँदा निकोलास डेभिन र कप्तान जेरहार्ड इरास्मसले १३-१३ रनको योगदान दिए । नेदरल्यान्ड्सका लागि कायल क्लेइनले २ तथा म्याक्स ओ डाओड र रोलोफ भान डर भर्वेले १-१ विकेट लिए ।

त्रिकोणात्मक शृफ्लाको पहिलो खेलमा नेपाल नामिबियासँग ४ विकेटले पराजित गरेको थियो। दोस्रो खेलमा नेपालले नेदरल्यान्ड्सलाई ९ विकेटले हराएको थियो । आजको खेलपछि तीनै टोलीले २-२ अंक बटुलेको छ । नेट रनरेटको आधारमा नेपाल पहिलो, नामिबिया दोस्रो र नेदरल्यान्ड्स तेस्रो स्थानमा छ ।

# मधेस प्रदेशलाई यू-१६ क्रिकेटको उपाधि

**काठमाडौं (प्रस)–** मधेस प्रदेशले मनमोहन मेमोरियल यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । सोमबार पोखरामा सम्पन्न फाइनल खेलमा सुदूरपश्चिम प्रदेशलाई ५ विकेटले हराउँदै मधेसले प्रतियोगिताको उपाधि जितेको हो ।

सुरुवातमा ब्याटिङ गरेको सुदूरपश्चिमले २० दशमलव २ ओभरमा अलआउट हुँदै ८६ रन बनाएको थियो। विशाल विष्टले २४ रन बनाएको इनिङ्समा निराजन गौतमले १८ र सचिन साउदले १४ रनको योगदान गरे ।




मधेसका धिरेन्द्र पासवानले ४ तथा रोहन यादवले ३ विकेट हात पारे । चन्दन रामको नाममा एक विकेट रह्यो । ८७ रनको सामान्य लक्ष्य मधेसले २० दशमलव १ ओभरमा ५ विकेट गुमाएर पुरा गऱ्यो। मधेस प्रदेशको जितमा परिमर्जन यादवले अविजित ३० रन बनाए । एमडी आरमनले २० तथा प्रियान्सु कर्णले १३ रनको योगदान दिए । सुदूरका डम्बर माझीले २ तथा सचिन भट्ट र निरज ऐरले १ विकेट हात पारे। उपाधि सहित मधेस प्रदेशले एक लाख रूपैयाँ सहित ट्रफी, मेडल प्राप्त गऱ्यो । उपविजेता सुदूरपश्चिमले ५० हजार रूपैयाँ सहित ट्रफी, मेडल, खेल सामाग्री र प्रमाणपत्र हात पारेको छ ।

# युक्रेनका प्रधानमन्त्रीद्वारा युक्रेनको पुनर्निर्माणमा सहयोग गर्न जापानसँग आग्रह

टोक्यो- युक्रेनका प्रधानमन्त्री डेनिस स्मिगलले सोमबार जापान सरकार र निजी क्षेत्रसँग मुलुकको पुनर्निर्माणका लागि सहयोग बढाउन आग्रह गरेका छन् । साथै उनले रुससँगको करिब दुई वर्ष पुरानो युद्ध समाप्त भएपछि ' आर्थिक चमत्कार' हुने प्रतिबद्धता व्यक्त गरेको छ ।

'पूर्ण मात्रामा आक्रमण सुरु भएदेखि जापानले युक्रेनलाई १० अर्ब डलरभन्दा धेरै विभिन्न सहयोग प्रदान गरेको छ, यसबाट जापान युक्रेनलाई वित्तीय सहयोग गर्ने चौथो सबैभन्दा ठूलो मुलुक बनेको छ,' जापान र युक्रेनका करिब ३०० सरकारी तथा व्यापारिक नेताहरूको एक सम्मेलनमा उनले भने, 'रुसका कारण भएको भीषण युद्धका क्रममा उक्त कोषका लागि धन्यवाद, लाखौं युक्रेनी बाँच्न सक्षम भएका छन् ।'

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पनि भिडियो लिंकमार्फत टोक्योमा सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम थियो तर यसलाई पछि रद्द गरियो । आयोजकले यसबारे विस्तारमा केही बताएका छैनन् ।

'युक्रेनमा पुनर्निर्माण प्रयासका लागि निजी क्षेत्र प्रमुख इन्जिन हो, हामी युक्रेनको आधुनिकीकरण र पुनर्निर्माणमा जापानसँग मिलेर काम गर्न चाहन्छौं, तपाईंहरू सबै युक्रेनका लागि आर्थिक चमत्कारको हिस्सा बन्नुहोस् भन्ने हामी चाहन्छौं,' प्रधानमन्त्री स्मिगलले भने, 'जति कम्पनीले अहिले युक्रेनी अर्थतन्त्रमा लगानी गर्छन् अहिले तपाईंहरूले विश्वास गर्न नसक्नेगरी उनीहरू आगामी केही वर्षमा लाभ र अवसर प्राप्त गर्न सक्षम हुने छन्, युक्रेनको सफलता हाम्रो मात्र सफलता होइन, यो तपाईंहरूको पनि सफलता हो ।' जापानले गत वर्ष तयारी मालसामानको निर्यात नियन्त्रणलाई खुकुलो बनाएको छ । यसबाट उसलाई अमेरिकाजस्ता युक्रेनको हतियारको प्रमुख आपूर्तिकर्ताहरूबीच रक्षा उपकरणहरूमा अन्तरलाई भर्न सहयोग प्राप्त भएको छ । टोक्योले युक्रेनलाई विमान पत्ता लगाउने प्रणाली र मोबाइल विद्युत् जेनेरेटजस्ता 'गैरघातक सहयोग' पनि प्रदान गरेको छ ।

गत साता विश्व बैंक, युरोपेली संघ (इयू) र संयुक्त राष्ट्रसंघले एउटा संयुक्त प्रतिवेदनमा आगामी दशकमा युक्रेनको पुनर्निर्माणको लागत चार खर्ब ८६ अर्ब डलर हुने अनुमान गरेका थिए । यसमा सन् २०२४ मा मात्रै १५ अर्ब डलर पनि समावेश छ ।

संयुक्त विज्ञप्तिअनुसार जापानी प्रधानमन्त्री फुमियो किसिदाले सोमबार युक्रेन र युक्रेनी जनताको स्वतन्त्रताको रक्षा र क्षेत्रीय अखण्डता कायम गर्नमा सहयोग गर्नका लागि जापानको प्रतिबद्धताको पुष्टि गरेको छ । विज्ञप्तिमा उनले युक्रेनको अर्थतन्त्रको स्थिरता सुनिश्चित गर्नका लागि आवश्यक दीर्घकालीन सहयोग प्रदान गर्ने प्रतिबद्धता पनि दोहोऱ्याएका छन् ।

दुवै पक्षले आधारभूत संरचनाको पुनर्निर्माण, उत्खनन, कृषि र सुशासन अभिवृद्धिलगायत धेरै सम्झौतामा हस्ताक्षर गरेका छन् । जापान भ्रमण गर्ने युक्रेनी व्यवसायीहरूका लागि भिसा नियमलाई खुकुलो बनाउने विषयमा पनि जापान सरकार सहमत भएको छ ।

रुसी सेनाले पूर्वी युक्रेनी किल्ला अब्दाइभ्कालाई पुन: कब्जा गरेपछि र अमेरिकामा ६० अर्ब डलरको सैन्य सहयोग कांग्रेसमा रोकिएपछि उक्त सम्मेलन भएको हो । *रासस/एएफपी*

# आन्दोलनरत चिकित्सकलाई काममा फर्कन निर्देशन

**सियोल-** प्रशिक्षार्थी चिकित्सकले चिकित्सा तालिम सुधारको विरोधमा सामूहिक राजीनामा दिएपछि दक्षिण कोरियाले उनीहरूलाई सोमबार काममा फर्कन आदेश दिएको छ । दक्षिण कोरियाले विकसित देशहरूमध्ये सबैभन्दा कम चिकित्सक र जनसंख्याको अनुपात रहेको बताएको छ र सरकारले डाक्टरहरूको संख्या बढाउन कडा प्रयास गरिरहेको छ ।

चिकित्सकहरूले मेडिकल कलेजमा भर्ना दर बढाउने सरकारको नयाँ योजनाको चर्को विरोध गर्दै यसले सेवा प्रवाहको गुणस्तरमा असर पार्ने दाबी गरेका छन् । आलोचकहरूका अनुसार चिकित्सकहरू मुख्यतया सुधारले उनीहरूको तलब र सामाजिक स्थितिलाई खस्कन सक्ने चिन्तामा छन् । सोमबार सरकारले कानुनी कारबाहीको चेतावनी दिए पनि सयौं प्रशिक्षार्थी चिकित्सकले राजीनामा दिएका थिए र मंगलबारदेखि काम बन्द गर्ने तयारी गरेका थिए ।

'सरकारले चिकित्सकहरूलाई काम रोक्न नदिनका लागि कानुनी उपायको खोजी गर्दै सबै प्रशिक्षार्थी चिकित्सकहरूको लागि उपचार व्यवस्थापन आदेश जारी गरेको छ,' दोस्रो उपस्वास्थ्यमन्त्री पार्क मिन-सोले एक पत्रकार सम्मेलनमा बताए ।

दक्षिण कोरियाको चिकित्सा कानुनअनुसार अत्यावश्यक सेवामा रहेको मानिएका चिकित्सकलाई सामूहिक विरोध वा प्रदर्शन गर्न रोक लगाइएको छ । उनले भने, 'म प्रशिक्षार्थी चिकित्सकलाई आग्रह गर्दछु कि बिरामीबाट पछि नहट्नुहोस्, चिकित्सकहरू हडतालमा सामेल भए, नभएको जाँच्न सरकारले अस्पतालहरूको निरीक्षण गर्ने छ ।'

प्रहरीले मुख्यतया काम रोक्न 'उक्साउनेहरू' लाई पक्राउ गर्न सक्ने चेतावनी दिएको छ । प्रशिक्षण सुधारले सन् २०२५ देखि मेडिकल विद्यालयहरूमा भर्ना हुने विद्यार्थीहरूको संख्यामा ६५ प्रतिशतले वृद्धि गर्न आह्वान गरेको छ । यो योजना जनतामाझ लोकप्रिय छ । विशेषज्ञहरू भन्छन्, 'अस्पतालहरूमा लामो समय चिकित्सकको प्रतीक्षा गर्ने समस्याबाट थकित छन् । हालै कोरियन ग्यालप सर्वेक्षणले ७५ प्रतिशतभन्दा बढी उत्तरदाताहरूले राजनीतिक सम्बद्धताको परवाह नगरी योजनाको पक्षमा उभिएका देखाएको छ ।

कोरियाली मेडिकल एसोसिएसनले सरकारको कानुनी कारबाहीको चेतावनी 'बोक्सीको सिकार' सरह भएको र यो योजनाले 'क्युबाली शैलीको समाजवादी चिकित्सा प्रणाली' निर्माण गर्ने दाबी गरेको छ भने चिकित्सकहरूले पनि यसको चर्को विरोध गरेका छन् ।

उपमन्त्री पार्कले दक्षिण कोरियाको पाको उमेरको तीव्र वृद्धि रहेको समाजमा यो योजना आवश्यक रहेको र हालको कोटा कायमै रहेमा चिकित्सकहरू 'तीव्र मागका साथ अभिभूत' हुने बताएका छन् । पार्कले भने, 'अस्पतालहरूलाई अहिले चिकित्सक खोज्न गाह्रो भइरहेको छ र समयमै स्वास्थ्य सेवा प्राप्त गर्न समस्या बारम्बार आउने गरेको छ ।'

हालसम्म ७०० भन्दा बढी प्रशिक्षार्थी चिकित्सकले राजीनामा दिइसकेको सरकारले जनाएको छ । रक्षा मन्त्रालयले चिकित्सकले हडतालअघि बढाएमा सैनिक अस्पतालको इमर्जेन्सी वार्ड सर्वसाधारणका लागि खुला गर्ने र सैन्य चिकित्सकलाई नागरिक अस्पतालहरूमा पठाउनेबारे विचार गरिरहेको जनाएको छ । *रासस/एएफपी*

# चिनियाँ विद्यार्थीको 'उत्पीडन' अन्त्य गर्न अमेरिकासँग बेइजिङको आग्रह

**बेइजिङ-** चीनका सार्वजनिक सुरक्षामन्त्रीले भियनामा भएको भेटमा अमेरिका प्रवेश गर्ने चिनियाँ विद्यार्थीमाथिको 'अपमानजनक व्यवहार' रोक्न अमेरिकी गृहसुरक्षा मन्त्रीलाई आग्रह गरेका छन् ।

यात्राका लागि वैध कागजात भएका चिनियाँ नागरिकलाई अमेरिकी विमानस्थलमा कडाइका साथ अनावश्यक सोधपुछ गर्ने गरेको र निर्वासनको सामना गर्नुपरेको बेइजिङले बारम्बार आरोप लगाउँदै आएको छ ।

गत महिना वासिङ्टनस्थित दूतावासले चिनियाँ यात्रुलाई राजधानीको डुलेस विमानस्थलबाट टाढै रहन भनेको थियो । चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार वाङ सियाओहोङ र अलेजान्ड्रो मेयरकासबीच आइतबार भएको वार्ताको पूर्वसन्ध्यामा वासिङ्टनले 'कुनै स्पष्ट कारणविना चिनियाँ विद्यार्थीलाई अपमानजनक व्यवहार र जाँच गर्न बन्द गर्नुपर्ने' बेइजिङले बताएको छ ।

मेयरकाससँगको भेटमा वाङले संयुक्त राज्य अमेरिकालाई 'चिनियाँ नागरिकहरूले उचित प्रवेश व्यवहार र पूर्ण सम्मानको आनन्द लिने सुनिश्चित गर्न' आग्रह गरेको थियो । वाङले चीनलाई लागुऔषध ओसारपसार गर्ने वा उत्पादन गर्ने प्रमुख देशको सूचीमा राख्ने अमेरिकी निर्णयलाई 'सच्याउन' मेयरकासलाई दबाब दिए ।

हेरोइनभन्दा कयौं गुणा शक्तिशाली र संयुक्त राज्य अमेरिकामा बर्सेनि ७० हजारभन्दा बढी मानिसको मृत्यु हुने फेन्टानिलको व्यापारमा चीनको संलग्नता रहेको अमेरिकी अधिकारीहरूले आरोप लगाउँदै आएका छन् । गत महिना बेइजिङमा अमेरिकी र चिनियाँ अधिकारीहरूले फेन्टानिल बनाउने सामग्रीको उत्पादन रोक्न सहकार्य गर्न सहमत भएका थिए ।

आइतबारको वार्ताको एक अमेरिकी विज्ञप्तिमा भनिएको छ, 'वाङ र मेयरकासले पूर्ववर्ती रसायनहरूको फैलावट रोक्न आवश्यक कदमहरूबारे स्पष्ट र रचनात्मक छलफल गरेका थिए ।'

दुवै पक्षले कानुन कार्यान्वयन सहयोग, वैज्ञानिक र अन्य विशेषज्ञहरूबीच प्राविधिक द्विपक्षीय आदानप्रदान, अग्रगामी रसायनहरूको तालिका र बहुपक्षीय सहयोगलाई अगाडि बढाउने सम्बन्धमा पनि प्रतिबद्धता व्यक्त गरेका छन् । वासिङ्टन र बेइजिङले बालबालिकालाई अनलाइन बाल यौनशोषण र दुर्व्यवहारबाट जोगाउने लडाइँमा सहयोग विस्तार गर्ने विषयमा पनि छलफल गरेका छन् ।

वासिङ्टनले बेइजिङसँग वार्तालाई अघि बढाएपछि चीन र संयुक्त राज्य अमेरिकाबीचको सम्बन्ध विगत एक वर्षमा गहिरो भएको छ । चीन सरकार अझै पनि उन्नत सेमीकन्डक्टरको निर्यातमा प्रतिबन्ध र चिनियाँ फर्म र व्यक्तिहरूमाथि प्रतिबन्धसहित अमेरिकी उपायहरूको विरोध गर्दछ । गत साता म्युनिखमा भएको वार्तामा विदेशमन्त्री वाङ यीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनलाई अमेरिकाले 'गैरकानुनी एकतर्फी प्रतिबन्ध हटाउनुपर्ने' बताएका थिए ।

चिनियाँ विदेशमन्त्री वाङले अमेरिकालाई चिनियाँ नागरिकमाथि अवाञ्छित उत्पीडन र सोधपुछ बन्द गर्न पनि आग्रह गरेका छन् । *रासस/एएफपी*


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २९१ फागुन ०७ गते २०८० मा प्रकाशित **Employment Creation Service Pvt. Ltd.** को Lot No. 300201 को विज्ञापनमा कम्पनीको नाम **Prestige Valet Parking Sole Proprietorship** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

Employment Creation Service Pvt. Ltd.
श्रम इजाजत नं. ४००/०६०/०६१
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com
Website : ecsmanpower.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ESC CONSTRUCTION LTD.**

पुर्व स्वीकृति मिति २०८०/०४/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०७ | LT. No. :291008 | चलानी नं. ६०२०६२२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Bender Grade I | 15 | 0 | 17,393 | ५१,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter Grade I | 20 | 0 | 17,393 | ५१,०९० | | | | | | | |
| 3 | Mason grade 1 | 65 | 0 | 17,393 | ५१,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: टोखा, मदरल्याण्ड ट्रेनिङ सेन्टर, काठमाडौंमा मिति: २०८० फागुन १५ र १८ गते (27 Feb/1 Mar 2024) मा हुनेछ ।
झापा, शाखा कार्यालय विर्तामोडमा मिति: २०८० फागुन १६ गते (28th Feb. 2024) मा हुनेछ ।
सुनसरी, शाखा कार्यालय इटहरीमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **URGENT BLOG EST FOR PROVIDING MEALS**

पूर्व स्वीकृति मिति २०८०/११/०६ | LT. No. 300302 | चलानी नं. ६०२१५०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 2 | 0 | 1000 | ३५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL JAZEERA INTERNATIONAL CATERING - LLC**

पुर्व स्वीकृति मिति २०८०/११/०६ | LT. No. 300202 | चलानी नं. ६०२१५१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | 34 | 0 | 800 | २८,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HIGH AIR EST FOR AIR CONDITION AND REFRIGERATION**

पूर्व स्वीकृति मिति २०७९/११/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०७ | LT. No. 281613 | चलानी नं. ६०१९७११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 2 | 0 | 1700 | ६०,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : **MAKEMAKE CONTRACTING WLL**

पुर्व स्वीकृति मिति २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०७ | LT. No. 288213 | चलानी नं. ६०२०३५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९०,४१० | | | | | | | |
| 3 | Human Resource Specialist | 1 | 0 | 4600 | १६६,३६० | | | | | | | |
| 4 | Mason | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 5 | Pipe Fitter | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist | 1 | 0 | 2000 | ७२,३३० | | | | | | | |
| 7 | Reinforce Fitter | 8 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 8 | Store Keeper | 2 | 0 | 1900 | ६८,७१५ | | | | | | | |
| 9 | Tilemaker | 3 | 0 | 1200 | ४३,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

सच्याईएको

कम्पनी : **PRESTIGE VALET PARKING SOLE PROPRIETORSHIP**

पूर्व स्वीकृति मिति २०८०/११/०६ | LT. No. 300201 | चलानी नं. ६०२१५१५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Valet Parking Drivers | 100 | 0 | 1500 | ५४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १४/१६ गते (26/28 Feb. 2024) मा हुनेछ ।
सम्झना चोक, पोखरा, बाजेको सेकुवामा मिति: २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।
झापा, सि.पी. होटलमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।
सम्पर्कको लागि: काठमाडौं- ९७६५३९८२३९, ९८५१०६१०२९, ९८०८९५७४६५/ पोखरा- ९८०५८५६८०९, ०६१५९०६५३, ०६१५९१६५३
झापाको लागि: ९८०१४४४०८१, ९८०१४४४०८२, ९८०१४४४०८३, ०२३५९११२६

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Employment Creation Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४००/०६०/०६१
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com
Website : ecsmanpower.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUPER LIMITED FOR CLEANING SERVICES**

पूर्व स्वीकृति मिति २०७९/१२/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०७ | LT. No. 284592 | चलानी नं. ६०१९९९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (INDOOR) | 20 | 0 | 85 | ३६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १५ गते (27th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Namo Buddha Recruitment Pvt. Ltd.
NBR Namo Buddha Recruitment Pvt. Ltd.
Govt. License 1370/74/75
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/०८ गते)

काली दास थपलीयाको नाती, हरि प्रसाद थपलीयाकाको छोरा, देवकी थपलीयाको श्रीमान मोरङ जिल्ला, दुलारी गाउँ पँचायत वंडा नं ०५ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड नगरपालिका वंडा नं. ३ बस्ने श्रीमान काली प्रसाद थपलीयाको मिति २०८०/०५/०५ गते मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. २१३०२००६४१२००००१ मा मौज्दात रहेको रकम भुत्तानी पाउँ भनि निज खातावालको छोरा कुमार थपलीया (क्षेत्री)ले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचना द्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बिर्तामोड, झापा फोन नं. ०२३-५३४५४०


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ११८००० | प्रति तोला – ११७४५० | प्रति तोला – १४१०



**छन्त्याल गाउँ मल्कबाङ** | छन्त्याल समुदायको बाहुल्य बसोबास रहेको म्याग्दीको धवलागिरि गाउँपालिका–५ मा अवस्थित मल्कबाङ गाउँ ।
*तस्बिर: कमल खत्री/रासस*

# आगामी आवको बजेट सिलिङ १८ खर्ब तोकियो

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि रु १८ खर्बको बजेट सीमा (सिलिङ) तोकेको छ। चालु आवको शुरुवाती विनियोजन भन्दा रु ५० अर्ब र अर्धवार्षिक समीक्षापछिको खर्चको अनुमान भन्दा रु दुई खर्ब ७० अर्ब ठूलो आकारको खर्चको सीमा निर्धारण गरिएको हो । ठूलो आकारको बजेट ल्याउने तर लक्ष्यअनुसार राजस्व सङ्कलन र खर्च गर्न नसक्ने विद्यमान परिस्थितिमा आगामी आवका लागि रु १८ खर्बको स्रोत कहाँबाट जुट्छ र खर्च कसरी हुन्छ भन्नेमा प्रश्न छ।

सरकारले चालु आर्थिक वर्षका लागि रु १७ खर्ब ५१ अर्ब ३१ करोड ५१ लाख बराबरको बजेट विनियोजन भएको थियो । बजेटको अर्धवार्षिक समीक्षामार्फत् स्रोत र खर्चको अनुमान संशोधन गरेर रु १५ खर्ब ३० अर्ब २६ करोडमा झारिएको छ । गत जेठमा बजेट ल्याउँदा तय भएको आम्दानी र खर्चको प्रक्षेपण माघ मसान्तसम्म आइपुग्दा करिब सवा दुई खर्बले आकार घटेको छ। अर्धवार्षिक समीक्षालगत्तै तयार भएको बजेट सिलिङ भने रु १८ खर्बको छ।

आगामी आर्थिक वर्षका लागि राष्ट्रिय स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गर्दा रु १२ खर्ब ४५ अर्ब बराबर सरकारी राजस्वको अनुमान गरिएको छ। जबकि चालु आवको बजेटका लागि सरकारले रु १२ खर्ब ४८ अर्ब ६२ करोड बराबर आन्तरिक राजस्व उठाउने गरी स्रोत देखाएको थियो । अर्थात्, चालु आर्थिक वर्षको शुरुवाती लक्ष्यभन्दा आगामी आर्थिक वर्षको राजस्व सङ्कलनको अनुमान करिब रु तीन अर्बले न्यून हो।

त्यस्तै, आगामी आवमा रु दुई खर्ब ६० अर्ब बराबर वैदेशिक सहायता लिने अनुमान गरिएको छ। वैदेशिक सहायताको रकममध्ये रु ५० अर्ब अनुदान र रु दुई खर्ब १० अर्ब बाह्य ऋण उठाइनेछ। चालु आर्थिक वर्षमा सरकारले रु दुई खर्ब १२ अर्ब बराबर बाह्य ऋण उठाउने गरी बजेट स्रोत देखाएको थियो।

आगामी आर्थिक वर्षमा आन्तरिक ऋणको सीमा रु दुई खर्ब ९५ अर्ब तोकिएको छ। चालु आवको बजेटमा आन्तरिक ऋण रु दुई खर्ब ४० अर्ब बराबर उठाउने उल्लेख छ। राष्ट्रिय स्रोत अनुमान समितिले मध्यमकालिन खर्च संरचनाको अनुमान गर्दा आव २०८२/८३ का लागि रु २१ खर्ब र आव २०८३/८४ का लागि रु २४ खर्ब ५५ अर्ब बराबर खर्चको सीमा निर्धारण गरेको छ। आव २०८२/८३ को रु २१ खर्बको बजेटका लागि रु १४ खर्ब ५३ अर्ब आन्तरिक राजस्व, रु तीन खर्ब १२ अर्ब वैदेशिक सहायता र रु तीन खर्ब ३५ अर्ब आन्तरिक ऋण उठाइने अनुमान गरिएको छ। आर्थिक वर्ष २०८३/८४ का लागि रु २४ खर्ब ५५ अर्बको बजेट ल्याउँदा रु १७ खर्ब तीन अर्ब आन्तरिक राजस्व उठाउने, रु तीन खर्ब ७४ अर्ब वैदेशिक सहायता लिने र रु तीन खर्ब ७७ अर्ब आन्तरिक ऋण लिने लक्ष्य राखिएको छ।

राष्ट्रिय स्रोतको अनुमान तथा खर्च सीमा निर्धारण गर्दा समितिले आगामी तीन आर्थिक वर्षको आर्थिक वृद्धिदरको पनि अनुमान गरेको छ। आगामी आर्थिक वर्षमा छ प्रतिशत, आर्थिक वर्ष २०८२/८३ मा साढे छ प्रतिशत, र आर्थिक वर्ष २०८३/८४ मा सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य निर्धारण गरिएको हो। त्यस्तै, मुद्रास्फीति आगामी तीन आर्थिक वर्षमा समान साढे पाँच प्रतिशतको वाञ्छित सामीभित्र राख्ने अनुमान गरिएको छ।

राजस्व वृद्धिदर आर्थिक वर्ष २०८१/२ मा १६ दशमलव चार, आर्थिक वर्ष २०८२/८३ मा १६ दशमलव आठ र आर्थिक वर्ष २०८३/८४ मा १७ दशमलव तीन प्रतिशत रहने अनुमान गरिएको छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा राजस्वको अनुपात आगामी तीन आर्थिक वर्षमा क्रमश: २१ दशमलव एक प्रतिशत, २२ प्रतिशत र २२ दशमलव नौ प्रतिशत रहने अनुमान गरिएको छ।

आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि समष्टिगत तथा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण तथा स्रोत अनुमान तयार गर्दा विभिन्न विषयवस्तुलाई प्रमुख आधारका रूपमा लिएको छ। जसमध्ये, नेपालको संविधानमा उल्लेखित मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, आगामी सोह्रौं योजनाका सोच, उद्देश्य, समष्टीगत तथा रूपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू, नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ तथा चालु वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रमका निरन्तरता दिनुपर्ने र राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरू छन्।

# सहकारीलाई बदनाम गर्ने प्रयास भइरहेको छ : अध्यक्ष ओली

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले देश विकासका लागि सहकारी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन्।

राष्ट्रसेवक सहकारी संस्था लिमिटेडको पाँचौं राष्ट्रिय सहकारी भलालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले नेपालजस्तो देशको विकासका लागि सहकारी अपरिहार्य भए पनि पछिल्लो समयमा सहकारीलाई बदनाम गराउने प्रयास भइरहेकामा चिन्ता व्यक्त गरे । सहकारीको महत्त्व र गरिमालाई कायम राख्न यस क्षेत्रमा देखिएका विकृति हटाउन तथा सहकारीलाई बदनाम हुन नदिन सम्बन्धित सबै पक्ष सचेत हुनुपर्ने उनको भनाइ थियो।

अध्यक्ष ओलीले गैरसहकारी व्यक्ति सहकारीमा प्रवेश गरेर ठगी धन्दामा लागेका तथा नाफा कमाउने व्यवशायका रूपमा सहकारीलाई प्रयोग गर्न खोजेको बताए।

फरक प्रसंगमा अध्यक्ष ओलीले त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा योग्य र क्षमतावान व्यक्ति नियुक्ति गरिनुपर्ने खाँचो रहेको औंल्याए। उपकुलपतिमा भागबण्डा नगरी उपयुक्त व्यक्ति नियुक्त गरिनुपर्ने उनको भनाइ थियो।

नेपालमा अझै पनि प्रजातान्त्रिक मूल्य, मान्यता र अभ्यासको खडेरी रहेको जिकिर गर्दै अध्यक्ष ओलीले आफ्नो पार्टीले नेतृत्व गरेको सरकारले बसालेको लोकतान्त्रिक थितिलाई निरन्तरता दिनुपर्नेमा जोड दिए।

# नेपाल बिटुमिन तथा ब्यारेलको साधारणसभा सम्पन्न

■ प्रभाव संवाददाता




**ललितपुर–** नेपाल बिटुमिन तथा ब्यारेल उद्योग लि.तीन आर्थिक वर्षको वार्षिक साधारणसभा सम्पन्न भएको छ। संस्थाको ३३, ३४ र ३५औं वार्षिक साधारणसभा प्रबन्ध सञ्चालक प्रदीपकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो । संस्थाका अध्यक्ष प्रेमबहादुर श्रेष्ठ अस्वस्थ्य रहेका कारण प्रबन्ध सञ्चालकको अध्यक्षतामा भर्चुअल माध्यम भिडियो कन्फरेन्स जुम मार्फत सम्पन्न भएको हो।

सभामा शेयरधनीहरूको प्रश्नको जवाफ दिँदै प्रबन्ध सञ्चालक प्रदीपकुमार श्रेष्ठले आ.व. २०७७/०७८, २०७८/०७९ र २०७९/०८० मा विगतमा इण्डियन आयल कर्पोरेशन लि.बाट बल्क बिटुमिन आयात गर्दा हल्दिया रिफाइनरीको मात्र प्रयोग भइरहेकोमा हाल आएर भारतमा रहेका नजिकका बरोनी तथा मथुरा रिफाइनरीहरूबाट समेत बल्क बिटुमिन ल्याउने कार्य भइरहेको साथै यसरी आयात गरिएका बल्क बिटुमिनलाई नेपालका सिमावर्ती नाकाहरूमा बिक्री डिपो स्थापना गरी बजार विस्तारलाई निरन्तरता दिई बिक्री बढाउन पहल भएकोमा आ.ब. २०७९/०८० मा बिक्री बृद्धि भएको सभालाई जानकारी गराए। साथै उनले नयाँ रणनीतिक व्यापारिक साझेदारमार्फत बजारमा आउने सोचाई पनि रहेको बताए।

त्यसैगरी यस उद्योगलाई निजीकरण गरिएका उद्योगहरूमध्ये नमूना उद्योगका रूपमा विकसित गर्दै लैजान आफू तथा सञ्चालक समिति लागिपरेको बताए र अब वार्षिकरूपमै साधारण सभा गर्ने प्रतिवद्धता पनि व्यक्त गरे।

विगतमा रहेको इमल्सन उत्पादन गर्ने पुरानो प्रविधिलाई प्रतिस्थापन गरी नयाँ डिजिटल अटोमेटिक प्रकृयाबाट सञ्चालनमा ल्याई उत्पादन समेत बृद्धि गरी बजारमा पठाउने गरिएको छ । यसैगरी बजारमा उठ्न नसकेको उधारो रकमहरू कानुनी प्रकृया अपनाई मुद्दाबाट सोको किनारा लागी पुराना रकमहरू उठ्ने क्रम जारी छ। सरकारले सडक निर्माणको पुरानो भुक्तानी निर्माण व्यवसायीहरूलाई उपलब्ध गराउने प्रतिवद्दता जनाए पनि हालसम्म पुरा गर्न नसकि रहेको अवस्थाले गर्दा निर्माण कार्यले गति लिन नसकेको जानकारी गराए।

साथै शेयरधनीहरूको तर्फबाट डमरू बल्लभ घिमिरे र देवेन्द्र कोइरालाले मन्तब्य दिएका थिए भने घिमिरेले समय सापेक्ष बजारको मागअनुसार अगाडी बढ्नु पर्ने सुझाव दिएका थिए । त्यसैगरी सभामा ३५ प्रतिशत शेयर लिने सर्वसाधारण तथा कर्मचारी कामदारको तर्फबाट अशोक कुमार श्रेष्ठ र श्यामकृष्ण श्रेष्ठ सञ्चालकमा निर्विरोध निर्वाचित भए भने स्वतन्त्र विशेषज्ञ सञ्चालकमा विकाश आचार्य चयन भएका थिए।

# सगरमाथा क्षेत्रमा बढे पर्यटक

**सल्लेरी (प्रस)–** विश्वको सर्वोच्च शिखर सगरमाथा क्षेत्रमा पर्यटक आउने क्रम सुरु भएको छ । चिसोका कारण हिउँदमा केही महिना पर्यटक आवागमन प्राय: ठप्प बनेको खुम्बु क्षेत्रमा फागुन लागेसँगै स्वदेशी तथा विदेशी पर्यटक आउने क्रम सुरु भएको हो । पर्यटक प्रहरी कार्यालय नाम्चेको तथ्याङ्कअनुसार अहिले दैनिक ५० देखि ६० जनासम्म विदेशी पर्यटक खुम्बु प्रवेश गरिरहेका छन् । फागुन लागेसँगै पर्यटक आवागमनमा वृद्धि भइरहेको पर्यटक प्रहरी इन्चार्ज प्रहरी हबल्दार शङ्कर खत्रीले जानकारी दिए। उनले भने, 'सगरमाथा क्षेत्रमा विदेशीको चाप बढिरहेको छ।' उनका अनुसार पर्यटक आगमनसँगै घरबास, होटल बन्द गरेर न्यानोस्थलमा गएका उद्यमी तथा होटल व्यवसायी पनि काममा फर्केका छन्।

'सगरमाथा क्षेत्र विदेशीमय हुन थालेको छ, अब सिजन सुरु भयो र मौसम पनि अनुकूल भएकाले व्यवसाय वृद्धि पनि अपेक्षा गरिएको छ', स्थानीय तोयाकुमार श्रेष्ठले भने। उनले भने, ' विदेशी धमाधम आउन थाले, तर यो वर्ष दु:खको कुरा डाँडा आसपासका क्षेत्र सुक्खा छन्, खासै हिउँ परेन। हिउँ परेको भए पर्यटक दङ्ग पर्थे।'

यस क्षेत्रमा सर्वोच्च शिखर सगरमाथासहित छ हजार मिटरभन्दा अग्ला ल्होत्से, नुप्से, चोयू, ल्होत्सेसार, पुमोरी, आमादब्लम, थामसेर्कुजस्ता हिमचुचुरा छन्। यहाँ कस्तुरी मृग, थार, घोरल, लङ्गुर बाँदर, मोनाल, हाँइटे, हर्न लार्क, टिबेटन स्नो कक, चुगजस्ता पक्षी पाइन्छन् । सगरमाथा क्षेत्रमा आउने पर्यटकले यहाँको दृश्यावलोकन, वन्यजन्तुको अवलोकनलाई प्राथमिकतामा राखेर भ्रमण गर्ने गरेका छन्।

**वैदेशिक रोजगारमा जाँदा कागजातको प्रतिलिपि घर-परिवारमा छोडौं**

**वैदेशिक रोजगारमा जाँदा निम्न कागजातको प्रतिलिपि घरमा छोडौं**

- पासपोर्ट र नागरिकता,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृती,
- स्वास्थ्य परिक्षण गराएको निरोगिताको प्रमाणपत्र,
- अभिमुखीकरण लिएको प्रमाणपत्र,
- म्यानपावर संस्थालाई तिरेको रकमको भर्पाई,
- रोजगारदातासँग गरेको करार सम्झौता,
- बीमा गराएको कागजात,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण,
- आफूले विदेशमा रही काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- आफूलाई महत्वपूर्ण लागेका अन्य कागजातहरु

**यस्ता कागजातले वैदेशिक रोजगारमा केही समस्या तथा कठिनाई भएमा समाधान गर्न सजिलो हुन्छ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ